# परिच्छेद १ : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनैपनि राष्ट्रको मेरूदण्ड शिक्षा हो । शिक्षाले नै मानिसको चेतनाको विकास गराँउछ । शिक्षाले व्यक्ति, समाज र राष्ट्रकै विकासमा सहयोग पुऱ्याउँछ । शिक्षाले समाज तथा राष्ट्रकै आवश्यकता पूरा गर्ने खालको भएमा मात्र शिक्षा स्वीकार्य हुनजान्छ । यसप्रकार समाजको शिक्षा प्रतिको आवश्यकता पूरा गर्न समाजको केन्द्रविन्दुमा रहने गरी शैक्षिक संस्थाको स्थापना र विकास गरेका हुन्छन्, जसलाई नै विद्यालय भनिन्छ । समाज र विद्यालयको सम्बन्ध घनिष्ठ हुन्छ । समाजको आवश्यकता अनुरूप तोकिएको शैक्षिक प्रणाली अनुसारको शिक्षा विद्यालयले प्रदान गर्ने गर्दछ । तसर्थ समाज समय अनुसार परिवर्तन हुँदैं जाँदा विद्यालयको शिक्षामा समेत परिवर्तन हुने गर्दछ । त्यसकारण विद्यालयलाई समाजको एक अङ्गको रूपमा लिने गरिन्छ ।

समाजको विकास संगै शिक्षाको शुरूवात र विकास हुँदैं गयो । शिक्षा विकासको क्रममा स्वभाविक रूपले प्रशासनिक प्रक्रियाको पनि विकास हुँदैं गयो । प्रारम्भदेखि नै समाजिक समूह, संघसंस्था र व्यक्तिहरूले विभिन्न स्थानहरूमा आ- आफ्ना तरीकाले शिक्षा-दीक्षा दिने गरेको कुरा विभिन्न धर्मग्रन्थबाट समेत स्पष्ट हुन्छ । नेपालको शैक्षिक इतिहास पितृकुल, गुरूकुल पद्दतिबाट शुरू भएको पाइन्छ । समयको परिवर्तनसंगै धार्मिक संघसंस्थाले धर्म-प्रचार गर्न शिक्षा प्रदान गर्न थाले । त्यसताका धार्मिक ग्रन्थ वेद, पुराण, बाइवल, त्रिपिटक जस्ता ग्रन्थहरू पढाइहुन्थ्यो । (पौडेल, २०६४) ।

वि.सं. २००७ सालभन्दा अगाडि शैक्षिक विकासमा राज्यको खासै ध्यान गएन । वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भइ प्रजातन्त्र आएपछि शिक्षाप्रति जनचासो बढेकोले जनस्तरबाट धेरै विद्यालयहरू खुले । वि.सं. २०१० चैत्र ९ मा सरदार रूद्रराज पाण्डेको अध्यक्षतामा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भइ शिक्षा सम्बन्धी सम्पूर्ण पक्षको अध्ययन गरी २०११ सालमा 'नेपालमा शिक्षा' नामक प्रतिवेदन प्रस्तुत गऱ्यो । यसले शिक्षा विकासमा जनसहभागितामा जोड दियो । यसले स्थानीय स्तरमा व्यवस्थापन र अवसर उपलब्ध गराउनु पर्ने कुरामा जोड दियो । देशको शैक्षिक पक्षमा समय अनुकुल सुधार गर्न, सर्वाङ्गिण राष्ट्रिय शिक्षा आयोग- २०१८, राष्ट्रिय शिक्षा पद्दतिको योजना-२०२८ तथा राष्ट्रिय शिक्षा आयोग २०४९ लाई प्रमुख रूपमा लिइन्छ । समयको परिवर्तनसंगै वि.सं.

२०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भइ दिएको सुझाव अनुसार विद्यालयको व्यवस्थापन समुदायलाई दिने सुझाव पेश गर्‍यो । शिक्षाको व्यवस्थापन र प्रशासनमा विकेन्द्रीकरण गरी यसमा दक्षता र मितव्ययीता ल्याई शिक्षण संस्थालाई स्वायत्त बनाई उत्तरदायी र अधिकार सम्पन्न तुल्याँउदैं जाने नीति लिने सुझाव पेश गर्‍यो (शर्मा एण्ड शर्मा, २०६४) ।

त्यस अनुसार नै अहिले शिक्षा विद्यालयको व्यवस्थापनको जिम्मा समुदायलाई दिन थालियो । यसप्रकार समुदाय र समुदायको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक-अभिभावक संघ (PTA) को काँधमा ठूलो जिम्मेवारी थप भएको मान्न सकिन्छ । व्यवस्थापनको प्राचीन इतिहास हेर्दा रोम क्याथोलिक चर्चमा संगठनको ढाँचा अधिकार एवं जिम्मेवारी तथा कार्यविधिको प्रयोग भएको थियो । प्लेटो (३५० BC), सुकरात (४०० BC) जस्ता दार्शनिकले कार्य विशिष्टीकरण र व्यवस्थापन प्रक्रिया उल्लेख गरेका थिए । समयको परिवर्तनसंगै शैक्षिक क्षेत्रको व्यवस्थापन गर्ने धारणाको विकास भयो । सन् १९०० ताका शैक्षिक व्यवस्थापनमा वैज्ञानिक व्यवस्थापन (Scientific management theory) को प्रभाव पर्‍यो । शिक्षामा योजना वनाई मानवीय भौतिक स्रोत र साधनको परिचालन गर्नुपर्ने धारणाको विकास भयो । व्यवहारवादी सिद्धान्तले शैक्षिक व्यवस्थापनलाई सामाजिक संगठनको रूपमा मान्यता प्रदान गर्नुपर्ने धारणा ल्यायो । शैक्षिक व्यवस्थापनमा भएका सीमित साधन र स्रोत सही ढंगले गर्नुपर्ने धारणाको विकास भयो (काफ्ले, श्रेष्ठ, सिन्हा, २०६२) ।

शिक्षाविद् Welsg J and Mac Ginn (1999) का अनुसार “Parents have personal interests in the education of their child. Each parent has detailed information about their interests and ability.” उक्त भनाईबाट आफ्ना बालवच्चाप्रति अभिभावकको सरोकार र चासो दर्शाउन खोजिएको छ । अभिभावक उनीहरूको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालय एक अर्कामा सम्बन्धित हुन्छन् । एक विना अर्काले पूर्णरूपमा शैक्षिक उपलब्धि हासिल गर्न सक्दैन अर्थात सफल यात्रा गर्न सक्दैन । विद्यालयले त्यसबेला मात्र सफल यात्रा गर्न सक्दछ, जतिबेला अभिभावक सचेत हुन्छन् र विद्यालयको योजना निर्माण र सफल कार्यान्वयन गर्न सहयोग गर्न सक्छन् । विद्यालय आफैंले योजना बनाउने र कार्यान्वयन गर्दा आउने समस्याहरूमा साक्षी राख्न मात्र अभिभावक, विद्यालय व्यवस्थापन समिति बोलाउने कतिपय ठाँउको सनातन परम्परालाई चिर्दै योजनाको आवश्यकता पहिचान देखि कार्यान्वयन गर्न र अन्त्यमा मूल्याङ्कन गर्ने

अवस्थासम्म अभिभावकहरूको संलग्नताको आवश्यकता महशुस गरिएको छ (गौतम, २०६१) ।

उपरोक्त कुरालाई मध्यनजर गर्दै विद्यालयमा कार्यरत प्रशासक, शिक्षक, सम्बन्धित विद्यालयको सेवा क्षेत्रका अभिभावक समेतको संलग्नतामा गठित विद्यालय व्यवस्थापन समिति गठन गरी विद्यालयको सञ्चालन, रेखदेख र निरीक्षणको व्यवस्था गरिएको छ (शिक्षा ऐन, २०२८) ।

विद्यालयमा योजना निर्माण गरी कार्यान्वयन गर्न विद्यालय सुधार योजना (School Improvement plan) बनाउने कार्यक्रम ल्याइएको छ । विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण अभिभावकहरू, शिक्षक, वि.व्य.स. सदस्यहरू र प्रधानाध्यापक समेतको संलग्नता र सहयोगमा स्थानीय आवश्यकतामा आधारित योजना निर्माण गरी कार्यान्वयन गर्नु SIP को मूख्य उद्देश्य हो । यस्ता योजना निर्माण र कार्यान्वयनमा सरकारी तथा अन्य दातृ संस्थाहरूबाट विद्यालयलाई सहयोग गरीदै आएको छ । सरकारबाट प्राप्त रकम र स्थानीय स्रोत साधनको अधिकतम उपयोगबाट विद्यालयमा आवश्यकता अनुसार योजना निर्माण गरी विद्यालयको शैक्षिक स्तर उकास्न सहज हुन्छ , (SIP निर्देशिका, २०६५) ।

गाँउ नै गाँउ भएको नेपालमा सबैको शिक्षामा पहुँच पुग्न सकेको छैन । १३-१४ वर्ष उमेर समूहका ६८% बालवालिका, १०-१२ वर्ष उमेर समूहका ५६% तथा ५-९ वर्ष उमेर समूहका १५% वालवालिका विद्यालयको पहुँचभन्दा बाहिर छन् (DOE Report, 2004)।

यसप्रकार विद्यालय बाहिर रहेका बालवालिकालाई विद्यालयमा ल्याइ गुणस्तरीय शिक्षा दिनु राज्यको कर्तव्य भएपनि सो कार्यमा सचेत अभिभावकको ठूलो योगदान रहन्छ । शिक्षाको अवसरबाट वञ्चित बालवालिकालाई विद्यालयको दायरामा ल्याउन, गुणस्तरीय शिक्षा प्रदान गर्नु, दक्ष तालिम प्राप्त, दक्ष जनशक्तिको उचित परिचालन गरी समाजको इच्छा अनुसार तोकिएको नीति र उद्देश्य अनुरूप शिक्षा प्रदान गर्नु विद्यालयको कर्तव्य हो । विद्यालय समुदायको एक अंग भएकोले विद्यालयले गर्ने भावी कामहरूको योजना बनाउन र त्यसको सफल कार्यान्वयनमा समुदायको पनि ठूलो हात रहने कुरालाई नकार्न सकिदैंन ।

## १.२ समस्याको कथन

प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ। व्यक्तिले पाउने शिक्षा गुणस्तरीय प्राविधिक, देश, काल र परिस्थितिको आवश्यकता पूरा गर्ने हुनु पर्दछ । समाजका सबै बालवालिकाहरूले समान रूपमा शिक्षा पाउन समाजका हरेक व्यक्तिको उत्तिकै सक्रियता र

सहभागिता हुन आवश्यक छ । वर्तमान समयमा सामुदायिक विद्यालयहरू अभिभावकहरूको कम चासोका कारण शैक्षिक स्तर गिर्दो अवस्थामा छन् । सरकारी विद्यालयहरूले निजी विद्यालयहरूसंग प्रतिस्पर्धा गर्न सकेका छैनन्, जसको ज्वलन्त उदाहरण केही वर्ष यताको S.L.C. परीक्षाको नतीजाले स्पष्ट पारेको छ ।

समुदायको सक्रिय सहभागिता विना ल्याइएका योजनाहरू कार्यान्यिन गर्ने तहमा पुग्दा प्रभावकारी गति लिन सक्दैन । समुदायका सहयोग विना विद्यालयले शैक्षिक, भौतिक र आर्थिक क्षेत्रमा उन्नति गर्न गाह्रो हुन्छ । फलस्वरूप सिकाइ उपलब्धि न्यून हुन जान्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विद्यालय तहमा निर्माण गर्न सकिने स्थानीय आवश्यकतामा आधारित योजना निर्माण र प्रभावकारी कार्यान्वयनमा समुदाय र विद्यालयको समेत प्रतिनिधित्व गर्ने संस्था विद्यालय व्यवस्थापन समितिले प्रभावकारी भूमिका खेल्न सक्छ । यसप्रकार यस अध्ययनबाट समुदाय तथा विद्यालय व्यवस्थापन समितिले विद्यालय स्तरमा निर्माण भइ कार्यान्वयन गरिने योजना निर्माण र कार्यान्वयनमा खेल्ने भूमिकाबारे विद्यालयको योजना निर्माण र कार्यान्वयनमा समुदायको सहभागिता, विद्यालयको योजना निर्माण र प्रभावकारी कार्यान्वयनमा वि.व्य.स.को उल्लेख्य भूमिका आवश्यकता छ छैन, योजना निर्माण र कार्यान्वयनमा विद्यालय व्यवस्यापन समितिका पदाधिकारीहरूलाई दिइएको जिम्मेवारी सक्षमताका साथ पूरा गर्न सकिन्छ, स्थानीय स्तरमा निर्माण गरिएका र कार्यान्वयन गरिएका योजनाबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ जस्ता प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विनाको मानिस पशुतुल्य हुन्छ । मानिसको दैनिक आवश्यकता पूरा गर्न व्यक्तिका जन्मजात गुणको प्रस्फुटन गर्न र उसलाई वातावरणसंग सामञ्जस्य गराउन शिक्षा आवश्यक हुन्छ । समाजमा रहेका सबै जातजाति, तहका बालवालिकाले समान रूपमा शिक्षा लिन पाउने वातावरणको सृजना गराउनु राज्यको दायित्व हो । खास गरी सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको विश्व सम्मेलनले सबैको लागि शिक्षा भन्ने विश्वको नारा पारित गरेको छ (सिन्हा,२०६३ ) । यस प्रकार समाजका सबै बालवालिकाले समाजको आवश्यकता अनुरूपको शिक्षा पाउने वातावरण सृजना गर्न समाज तथा विद्यालयको

प्रतिनिधिमूलक संगठन विद्यालय व्यवस्थापन समितिले विद्यालय स्तरको योजना निर्माण गरी कार्यान्वयनको  प्रभाव बारेमा अध्ययन गरिनु आफैंमा यसको औचित्य झल्कने छ ।

१०४ वर्षे राणा शासको अन्त्यपछि शिक्षाप्रति जनलहर देखापर्‍यो । फलस्वरूप त्यसताका उचित मापदण्ड बिनानै धेरै विद्यालयहरू खुले । निजीस्तरका लगानीबाट खुलेका त्यस्ता विद्यालयहरूलाई सरकारले क्रमशः सरकारी मान्यता दिइ त्यसको सञ्चालन र रेखदेखको जिम्मा समुदाय र समुदायको प्रतिनिधि समिति विद्यालय व्यवस्थापन समितिलाई छोडियो । यसरी वि.व्य.स.लाई दिइएको अधिकारबाट विद्यालयको शैक्षिक क्षेत्रको उपलब्धिको लेखाजोखा गर्न आवश्यक भएको यो विषयमा शोध अध्ययन गर्न जरूरी देखिन्छ ।

वि.सं. २०१० सालेखि वर्तमान अवस्थासम्ममा शिक्षा क्षेत्रमा समय अनुकुल परिवर्तन गर्न गठन भएका विभिन्न आयोगहरूले अभिभावकको प्रतिनिधित्व गर्ने समिति वि.व्य.स.को सहयोग आवश्यक रहेको आफ्ना सिफारिसमा उल्लेख गरेका छन् । खासगरी विद्यालयको भौतिक, आर्थिक पक्षमा समुदायको उल्लेख्य सहयोग हुनु पर्दछ । शिक्षामा सबै वालवालिकाको पहुँच सु-निश्चित गर्न वि.सं. २०३१ देखि प्राथमिक तह निःशुल्क गर्ने र सन् १९९१ देखि माध्यमिक तह (कक्षा-१०) सम्म निःशुल्क गर्ने काम भयो। अहिले कक्षा-१२ सम्मलाई विद्यालय शिक्षामा गाभेर निःशुल्क हुनुपर्ने अवधारणालाई कार्यान्वयनको प्रयास गरिएको छ । यस परिप्रेक्ष्यमा निःशुल्क शिक्षाको कारण विद्यालयप्रति समुदायको चासो घटेको महसुस हुन्छ । राजनैतिक दलहरूका कतिपय सदस्यहरू वि.व्य.स. पदाधिकारी छनौट गर्दा राजनिति गर्ने अखडाको केन्द्र मात्रको रूपमा लिने गरिन्छ । यो विद्यालयको समग्र विकासको लागि ठूलो चुनौती हो । यस पृष्ठभूमिमा अभिभावको चेतनामा अभिवृद्धि गरी एक सक्षम वि.व्य.स. गठन हुनु आजको आवश्यकता हो, जसले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक क्षेत्रमा उल्लेखनीय सहयोग गर्न सकोस् । यसर्थ सक्षम व्यवस्थापन समितिले विद्यालय तहको योजना निर्माण र प्रभावकारी कार्यान्वयनमा खेल्न सक्ने भूमिकाको अध्ययन गर्न जरूरी देखिन्छ ।

समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन निर्देशिका, २०५९ ले शिक्षा ऐन २०२८ बमोजिम गठित विद्यालय व्यवस्थापन आफैंले गर्ने जिम्मेवारी लिएपछि विद्यालयले आवधिक एवं वार्षिक योजना बनाई आवश्यक स्रोत  जुटाउने र कार्यान्यन गर्ने, विषयगत उप-समिति गठन गर्ने र विद्यालयको शैक्षिक आर्थिक तथा मानवीय व्यवस्थापनका लागि विनियम बनाइ लागू गर्ने प्रावधानको व्यवस्था भएको छ । यसप्रकार समुदायको हस्तान्तरण

भएका वा हुन बाँकी सरकारी विद्यालयहरूमा गठित वि.व्य.स.को क्षमता, योग्यता र सहभागिताको स्थिति पत्ता लगाउन आवश्यक भएकोले सामुदायिक विद्यालयको योजना निर्माण र प्रभावकारी कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको विषयमा शोध अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको निम्न लिखित उद्देश्यहरू छन् :

क) विद्यालयको योजना निर्माण तथा कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको सहभागिताको स्थिति अध्ययन लगाउनु ।

ख) विद्यालयको योजनाले शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धिमा पारेको प्रभावको अध्ययन गर्नु ।

ग) योजना निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरू पहिचान गर्नु ।

घ) विद्यालयको योजना निर्माण र कार्यान्वयनमा वि.व्य.स.को भूमिका सुदृढ गर्ने उपायहरू पत्ता लगाई सुझाव दिनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनलाई निम्न लिखित अनुसन्धानात्मक प्रश्नमा केन्द्रित गरिएको छ :

क. विद्यालयको योजना निर्माण र कार्यान्वयनमा वि.व्या.स.ले कस्तो भूमिका खेलेको छ?

ख. समुदायको सहभागिता नियमित छ ?

ग. समुदायको सहयोगबाट व्यवस्थापकले योजना सम्पन्न गर्न सहज हुन्छ?

घ. योजना कार्यान्वयन भएपछि सिकाइ उपलब्धिमा कस्तो परिवर्तन देखा परेका छन्?

ङ. योजना निर्माण र कार्यान्वयनका समस्याहरू के-के हुन् ?

च. सिकाइ उपलब्धिमा परेको प्रभावहरू के के हुन ?

छ. समस्याहरूका समाधानका उपायहरू के के हुन् ?

ज. वि.व्य.स.को सहभागितालाई अझ सुदृढ बनाउन के के गर्नु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यस शोध-कार्यलाई पाँचथर जिल्लाको नागी स्रोतकेन्द्र भित्रका विद्यालयहरूमा सीमित गरिएको छ । यो अध्ययनका परिसीमाहरू निम्नानुसार छन् :

क) प्रस्तुत अध्ययन पाँचथर जिल्लाको नागी स्रोत केन्द्रसंगमात्र सीमित गरिएको छ ।

ख) वि.व्या.स पदाधिकारी, प्र.अ., शिक्षक विद्यार्थीहरूलाई प्रश्नवाली, प्रत्यक्ष भेटघाट आदिद्वारा तथ्याङ्क संकलन गरिएका आधारमा विश्लेषण गरिएको छ ।

ग) यस अध्ययनलाई विद्यालय व्यवस्थापन समितिको भौतिक पक्षको योजना निर्माणको वारेमा सिमित गरिएको छ ।

घ) विद्यालयले ०६४ देखि ०६५ सम्म गरेका भौतिक योजनाको मात्र अध्ययन गरिएको छ ।

ङ) विद्यार्थीको सिकाइ उपलब्धि शै.ब. २०६२ र २०६५ को तुलानात्मक अध्ययन गरिएको छ ।

च) अध्ययनको लागि तथ्याङ्क संकलनको स्रोत र साधन सिमित गरिएको छ ।

छ) सिकाइ उपलब्धि कक्षा ५ को मात्र लिइएको छ ।

## १.७ शब्दहरूको परिभाषा

कुनैपनि विषयवस्तुको अध्ययन गर्दा त्यस अध्ययन कार्यमा प्रयोग भएका विभिन्न शब्द, बुँदाहरूका अर्थ र यसको परिभाषा उल्लेख गर्नु आवश्यक हुन्छ । यस अध्ययनमा उल्लेख भएका आवश्यक शब्द, तिनको अर्थ र परिभाषा यसप्रकार रहेको छ :-

क. सार्वजनिक विद्यालय : सार्वजनिक विद्यालय भन्नाले नेपाल सरकारबाट मान्यताप्राप्त सालवसाली अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय भन्ने सम्झनु पर्छ ।

ख. समुदाय : विद्यालय सेवा क्षेत्रभित्र वसोवास गर्ने मानिसहरूको समूह ।

ग. PODC : व्यवस्थापिका कार्य सञ्चालन गर्नका लागि व्यवस्थापकले योजना गर्ने, संगठन गर्ने, निर्देशन गर्ने तथा आवश्यक मात्रामा संगठनलाई अनियमितताबाट बचाउन नियन्त्रण गर्ने कार्य नै PODC (Planning, Organising, Directing and Controlling) हो ।

घ. नियमावली : नियमहरूको संग्रह ।

ङ. सार्वजनिक विद्यालय : सरकारी अनुदान प्राप्त विद्यालय ।

च. प्रधानाध्यापक : विद्यालयको शैक्षिक तथा प्रशासनिक जिम्मेवारी लिइएको प्रमुख व्यक्ति ।

छ. योजना : विशेष गतिविधि सञ्चालन वा कार्यान्वयनका लागि तयार पारिएको विस्तृत रूपरेखा ।

# परिच्छेद : २

# सैद्धान्तिक आधार र सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक आधार

विद्यालय सरस्वतीको मन्दिर हो । यहाँ अवोध वालवालिकाले ज्ञानको दियो बाल्ने अवसर पाँछन् र भविष्यमा समाज र राष्ट्रलाई चाहिने असर नागरीक बन्छन् । हरेक वालवालिकालाई असल र दक्ष नागरीक बनाउने लक्ष्य लिएको विद्यालयमा धेरै समस्याहरू छन् । त्यही समस्यालाई प्रभावकारी ढंगले समाधान हुन नसक्दा अहिले सामुदायिक विद्यालयको शैक्षिक उत्पादन त्यति सन्तोषजनक अवस्थामा छैन । विद्यालयको शैक्षिकस्तर सुधार गर्न प्रशासक, व्यवस्थापक, शिक्षक, कर्मचारी, अभिभावक आदिमा सुमधुर सम्बन्ध कायम गर्न आवश्यक छ ।

Follet, Mary Parker (1868-1933 A.D.) को मावन सम्बन्धको सिद्धान्तका अनुसार कुनै संगठनमा कार्य गर्नेहरूका वीच राम्रो मानव सम्बन्ध भएमा अर्थात व्यवस्थापक र कामदारवीच अन्तरक्रिया भएमा संगठनले सहि दिशाबोध प्राप्त गर्दछ । उनका अनुसार उत्पादन बढाउन व्यक्तिहरूको भावना र चाहनाहरूलाई बुझेर कामदार र प्रशासक वीचको मानवीय सम्बन्ध विकास गर्नु पर्दछ । मानवीय नाताको स्थापना मनमुटाब, झगडा कलुषित भावना समाप्त गर्नु पर्छ । यस सिद्धान्तका आधारभूत पक्षमा समन्वय सीधा सम्पर्कद्वारा कामको शुरूमा सबै तत्वहरूसंगको समन्वय र निरन्तर समन्वयलाई उनले जोड दिएकी छन् । जसबाट मात्र कुनै संघ-संस्थाको उन्नति प्रगति सम्भव छ । विद्यालयमा निर्माण गरिने योजनाहरूको निर्माण गर्दा समेत विद्यालय तथा विद्यालय सेवा क्षेत्रका आम सरोकारवालाको राय, सुझाव, तथा सहयोग लिन आवश्यक हुन्छ, जसको लागि विद्यालय समुदायवीचको सम्बन्ध सुमधुर हुनुपर्छ । यो सिद्धान्तको उपयोग शिक्षक कर्मचारीवीचको आपसी सम्बन्ध योजना निर्माणमा समुदायको संलग्नता आदिको अध्ययनमा उपयोग गर्न सकिन्छ साथै सरोकारवाला सबैको निरन्तर समन्वय विना संगठन अघि बढ्न सक्दैन (काफ्ले २०६२) ।

Maslow, Abraham ले सन् १९४३ मा अभिप्रेरणाको सिद्धान्त प्रतिपादन गरेअनुसार मानिसका आवश्यकताहरू अनगिन्ती हुन्छन् । असीमित चाहना र आवश्यकता पूरा गर्न सीमित साधन र स्रोतहरू हुन्छन् । गाँस, बाँस, कपास, जस्ता आधारभूत आवश्यकता पूरा भएपछि मात्र सुरक्षात्मक, सामाजिक आवश्यकताको चाहना हुन्छन् । सामाजिक आवश्यकता पूरा भए पछि Steem need को आवश्यकता हुन्छ । सो भएपछि आत्मा सन्तुष्टि (Self actualizion)

आवश्यकता हुन्छ । यो मास्लोको आवश्यकताको श्रृङखलाको अन्तिम चरण हो । यसरी सीमित आवश्यकता मध्येबाट साधन र स्रोतले भ्याउने पहिलो प्राथमिकताका आधारमा आवश्यकता परिपूर्ति गर्दै क्रमशः उच्चस्तरको आवश्कता पूरा गर्न मानिस उत्प्रेरित हुन्छ (कोइराला र श्रेष्ठ, २०६२) ।

विद्यालय तहमा पनि धेरै आवश्यकता र मागहरू हुन्छन् । त्यसमा असल प्रशासकले आवश्यकतालाई प्राथमिकीकरण गरेर पहिलोदेखि क्रमशः पूरा गर्दै जानु पर्दछ । आवश्यकता पूरा गर्ने सवालमा आवश्यकताको पहिचानदेखि कार्यान्वयन र मूल्याङ्कनसम्म विद्यालयको सरोकारवाला सबैको सहभागिता, संलग्नता र जवाफदेही हुनु आवश्यक छ ।

शैक्षिक विकेन्द्रीकरणको Community Funding Approach अनुसार शिक्षकको तलब भत्ता साथै विद्यालयको प्रशासनिक खर्च, केन्द्रीय सरकारबाट व्यहोर्ने तथा जमीन विद्यालयको भौतिक अवस्था (भवन, फर्निचर, शौचालय, खानेपानी) को व्यवस्थापन स्थानीय समुदायले गर्नुपर्छ । यसका लागि आवश्यक स्रोत को व्यवस्था स्थानीय तवरले गर्नुपर्छ । हाम्रो देशको सन्दर्भमा समुदायमा हस्तान्तरण भएका विद्यालयमा यही उपागमको आधार र सर्तमा समुदायमा हस्तान्तरण भएका छन् । यसप्रकार सरकारी विद्यालयमा अभिभावक र तिनीहरूको प्रतिनिधि संस्था विद्यालय व्यवस्थापन समितिले विद्यालयको शैक्षिक उन्नतिका लागि ठूलो देन दिने हुनाले उनीहरूको सक्रिय सहभागिताको अपेक्षा गर्न सकिन्छ ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

हाम्रो देशमा वर्तमान अवस्थामा विद्यार्थीहरूको शैक्षिक स्तर उकास्ने विषयमा धेरै अध्ययन भएका छन् । तथापि शैक्षिक योजना निर्माण र कार्यान्वयन विषयमा खोज, अनुसन्धान कम भएका छन् । यस परिप्रेक्ष्यमा आधारभूत प्राथमिक शिक्षा परियोजना लागू भएपछि विद्यालय सुधार योजनाको अवधारणा आएपछि विद्यालय सुधार योजनाका सम्बन्धमा केही खोज भएका छन् । तिनै सामग्रीहरूलाई यो शोधका पूर्व साहित्यका रूपमा लिइएको छ ।

**राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन,** (२०४९) अनुसार प्रजातन्त्रको पुनः स्थापना पछि वि.सं. २०४७ मा गठन भएको राष्ट्रिय शिक्षा आयोगले वि.स. २०४९ मा आफ्नो प्रतिवेदन बुझाएको थियो, जसमा विद्यालय व्यवस्थापन समितिलाई सवल बनाउन निम्न अनुसारको अधिकारहरू दिइनुपर्ने उल्लेख छ । व्यवस्थापन समितिलाई भौतिक सुविधा जुटाउने, विद्यालयको सम्पत्ति संरक्षण सम्बर्न्धन गर्ने कार्यका साथै शिक्षक भर्ना सरूवा वढुवा सिफारिश गर्ने अधिकार दिइनुपर्दछ ।

वि.स. २०६० चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र **फर्मेटिभ अनुसन्धान परियोजनाद्वारा** प्रकाशित विद्यालय सुधार योजना र यसको कार्यान्वयन शीर्षकमा SIP बारे यसरी उल्लेख गरिएको छ । शैक्षिक क्षेत्रमा विकेन्द्रीकरण सुधार प्रकृया सञ्चालनका लागि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले देशका ५ जिल्लामा परीक्षण कार्यक्रम Pilot Programme को रूपमा विद्यालय सुधार योजना प्रारम्भ गरेको हो । यस प्रयास अन्तर्गत स्थानीय तहवाट योजना निर्माण त्यसको व्यवस्थापन सञ्चालन तथा अनुगमन होस् भन्ने अभिप्रायले Bottom up योजना अनुरूप लघु योजना प्रक्रियाको थालनी गरिएको थियो । वास्तवमा विद्यालय सुधार योजनाले विकेन्द्रीकरणको अवधारणालाई कार्यान्वयनमा ल्याउनका साथै योजना निर्माण र कार्यान्वयनको जिम्मेवारी स्थानीय विद्यालय र समुदायलाई प्रदान गरी सुधारका प्रयासलाई मुर्तरूप दिन्छ ।

यस प्रकार विद्यालयका साझा समस्याको पहिचान गर्न, समाधानको उपायहरू अवलम्बन गर्न, विद्यालय परिवार, वि.व्य.स. अभिभावकवीच छलफल गराइ साझा समझदारी कायम गराउन आवश्यक छ । यसबाट योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक रणनीति निर्माणका लागि साझा प्रयास अगाडी बढाउन सकिन्छ ।

शैक्षिक योजनाको सामाजिक माग उपागम (Social Demand Approach) का अनुसार समाजको माग के हो ? कतिसम्म समुदायले लगानी र सहयोग गर्न सक्छ ? देशको सामाजिक संरचना कस्तो छ ? जस्ता पक्षहरूलाई ख्याल गर्दै सबैको लागि समान र न्यायिक रूपमा शिक्षाको अवसर प्रदान गर्न सकिने गरी शैक्षिक योजना निर्माण गर्नुपर्दछ भन्ने दृष्टिकोण यस उपागमको हो । अभिभावकले आफूले चाहना गरे अनुसारको शिक्षा प्राप्त गर्न सक्ने राष्ट्रिय सम्पदा स्रोत  तथा पारिवारिक अवस्थालाई समेत ध्यानमा राखिने, सामाजिक संरचना र न्यायलाई समाहित गरिने, प्रजातान्त्रिक हक र अधिकारको समेत संरक्षण हुने यस उपागमको विशेषता हो । विद्यालयमा निर्माण गरीने योजनाहरू समेत सरोकारवालाहरूको मागमा आधारित भइ निर्माण हुनु आवश्यक छ ।

शैक्षिक विकेन्द्रीकरणको Community Funding Approach अनुसार समाजको माग के हो ? कतिसम्म समुदायले लगानी र सहयोग गर्न सक्छ ? देशको सामाजिक संरचना कस्तो छ ? जस्ता पक्षहरूलाई ख्याल गर्दै सबैको लागि समान र न्यायिक रूपमा शिक्षाको अवसर प्रदान गर्न सकिने गरी शैक्षिक योजना निर्माण गर्नुपर्दछ भन्ने दृष्टिकोण यस उस उपागमको हो । अभिभावकले आफूले चाहना गरे अनुसारको शिक्षा प्राप्त गर्न सक्ने राष्ट्रिय सम्पदा

स्रोत  तथा पारिवारिक अवस्थालाई समेत ध्यानमा राखिने, सामाजिक संरचना र न्यायलाई समाहित गरिने, प्रजातान्त्रिक हक र अधिकारको समेत संरक्षण हुने यस उपागमका विशेषता हो । विद्यालयमा निर्माण गरिने योजनाहरू समेत सरोकारवालाहरूको भागमा आधारित भइ निर्माण हुनु आवश्यक छ ।

**सेरिड, २०५२** मा प्रकाशित चिदानन्द पण्डितको लेख शिक्षा विकासका लागि जनसहभागिता लेखमा शैक्षिक संस्थाको स्थापना र सञ्चालनमा जहसहभागिता ठूलो भूमिका हुने कुरा उल्लेख गरेका छन् । राणाकालमा भएको शिक्षाको दमन र प्रजातन्त्रको प्रार्दुभावपछि फैलिएको शिक्षाप्रतिको जनलहरको चर्चा गरिएको छ । विद्यालयको भौतिक संरचना निर्माणमा जनताद्वारा गरिएको सहयोग उल्लेखनीय छ । विद्यालय नभएको शिशुवा गा.वि..मा समुदायले गरेको निःशुल्क सहयोग आजका दिनसम्मपनि अनुकरणीय छ । सञ्चालन भइरहेका सरकारी र सामुदायिक विद्यालयको सम्बन्ध, निर्मित योजनाको कार्यान्वयन, योजनाले विद्यार्थीको सिकाइको उपलब्धिमा पारेको प्रभाव आदिबारे लेखमा उल्लेख नभएकोले सो बारेमा थप अध्ययन गर्न आवश्यक देखिन्छ (सेरिड,२०५२) ।

निरौला (२०६३) को अप्रकाशित शोध-पत्र अनुसार विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभावको विषयमा अध्ययन गरी प्राप्त निष्कर्षहरू उल्लेख गरेका छन् । सरकारी विद्यालयको व्यवस्थापन समुदायद्वारा हुने हुँदा शैक्षिक विकास तथा गुणस्तरमा आउने सुधार उल्लेख गरेका छन् । तिनीहरूमा विद्यार्थीको भर्नादरमा वृद्धि हुनु, कक्षा छोड्ने दरमा कमि आउनु, शिक्षक-विद्यार्थीको औषत उपस्थिति बढ्नु आदि उल्लेख गरेका छन् । समुदायको विद्यालयमा प्रभाव बढाउँदा SMC ले आफू नै सर्वोच्च प्रशासक ठान्ने, अनुदानको रकम दुरूपयोगको केही सम्भावना हुनु, राजनैतिक चलखेल विद्यालयमा बढ्नु, सरकार शैक्षिक दायित्वबाट क्रमशः पन्छिन खोज्ने जस्ता नकरात्मक प्रभावको बारेमा शोध अध्ययन निष्कर्ष निकालिएको छ ।

शोधकर्ताले गरेको अध्ययनबाट विद्यालयको व्यवस्थापन अभिभावकले लिन अभिभावकको क्षमता अभिवृद्धि र सचेतना कार्यक्रम ल्याउनु पर्ने, वि.व्य.स., शिक्षक र अभिभावकबीच समय-समयमा अन्तरक्रिया हुनुपर्ने सुझाव दिइएको छ । यसैगरी वि.व्य.स. विद्यालयको सर्वेसर्वा निकाय होइन, केवल विद्यालय विकासको सच्चा सहयोगी हो भन्ने सचेतना वि.व्य.स.मा ल्याउनु पर्ने, सरकार शैक्षिक दायित्वबाट मुक्त हुन चाहेको होइन भन्ने कुरा स्पष्ट गरिनुपर्दछ भन्ने सुझाव दिइएको छ  । यस प्रकार उक्त शोध पत्रमा शोधकर्ताले

समुदायमा विद्यालयमा विद्यालयको हस्तान्तरण गर्दा देखा पर्ने दुवै पक्षको गहन अध्ययन गरी वि.व्या.स. तथा प्र.अ. लाई व्यवस्थापकीय तालिम सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्नुपर्ने, शिक्षकका पेशागत सुरक्षाको ग्यारेन्टी हुनु पर्ने, शिक्षामा गरिने लगानी वृद्धि गरिनु पर्ने, व्यवसायिक तथा रोजगारमूलक शिक्षामा जोड दिनु पर्ने जस्ता सुझावहरू प्रस्तुत गरेका छन् (निरौला, २०६३) ।

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछिको प्रभाव अध्ययन गर्नु आवश्यक छ । समुदायमा हस्तान्तरण भएका र नभएका सरकारी विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापनको जिम्मा विद्यालय व्यवस्थापन समितिलाई दिएको अवस्थामा विद्यालयमा निर्माण गरिने योजना र यसको प्रभावकारी कार्यान्वयनमा समुदायको प्रतिनिधित्व समेत गर्ने वि.व्य.स.को वर्तमान अवस्थाको भूमिका बारेमा थप अध्ययन आवश्यक देखिन्छ । यसरी नै उपरोक्त सुझावहरू सोधकर्ताले प्रस्तुत गरेता पनि विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिताले विद्यालयको भौतिक निर्माणका योजना निर्माणमा, त्यसको प्रभावकारी कार्यान्वयन गरी काम सम्पन्न गर्न, गराउन तथा सही प्रयोग गर्न के कस्तो भूमिका रह्यो र के कति उपलब्धि हासिल भयो सो को थप अध्ययन गर्न जरूरी देखिन्छ ।

पाँचथर जिल्लाको नागी स्रोतकेन्द्र अर्न्तगतका विद्यालयहरूमा यो विषयमा कुनै पनि अध्ययन अनुसन्धान नभएकोले यो शोधको अध्ययन विद्यालयको योजना निर्माण र कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको भूमिका विषयमा कुनै पनि अध्ययन-अनुसन्धान नभएकोले यसलाई अध्ययनको विषय बनाइएको छ ।

## २.३ अध्ययनको उपादेयता

योजना निर्माण र कार्यान्वयन प्रशासकको महत्वपूर्ण कार्य हो । सफल प्रशासकले हरेक कदममा योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । योजनाको कार्यान्वयन गर्न समुदायको ठूलो हात हन्छ । विद्यालयलाई सही दिशामा अघि बढाउन योजना निर्माण गरी कार्यान्वयन गर्न S.M.C. को भूमिका के रहन्छ भने र त्यस क्षेत्रको परिवेशको वास्तविकता थाहा पाउन यो अध्ययन सान्दर्भिक छ ।

कुनैपनि संगठनमा यसका प्रत्यक्ष वा अप्रत्यक्षरूपले संलग्न व्यवस्थापक, कर्मचारी, प्रशासक, उपभोक्ता सबैको सामूहिक प्रयासबाट मात्र संगठनले सही दिशा प्राप्त गर्ने हुन्छ । त्यस्तै मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार संस्थामा त्यस्ता आवश्यकता पूरा गर्नुपर्छ जुन प्राथमिकता क्रमको शिर्ष स्थानमा छन् । यसप्रकार विद्यालयमा सरोकारवाला मध्येका एक

अभिभावक र उनीहरूको प्रत्यक्ष संलग्न संस्था विद्यालय व्यवस्थापन समितिहरू विद्यालयको योजना निर्माण भएको कार्यान्वयनमा सहभागिताको स्थिति अध्ययन गर्न आवश्यक देखिन्छ । वर्तमान समयमा गाँस, बास, कपास, जस्तै शिक्षा, स्वास्थ्य र यौनलाई पनि अनिर्वाय आवश्यकता रूपमा हेर्ने गरिन्छ । गाँस र बासको आवश्यकता पूरा भएपछि मानिस स्वभावले नै आफ्ना वालवच्चाको शिक्षामा ध्यान दिन्छ । विद्यालयसंग सम्बन्धित सरोकारवालाको विद्यालय सुधारमा ठूलो देन हुन्छ । राष्ट्रले लिएको लक्ष्य पूरा गर्न लागू गरिएको पाठ्यक्रममा तथा प्रचलित नियम अनुसार चलेका सरकारी विद्यालयहरूमा सम्बन्धित समुदायको संलग्नतामा योजनाहरूको निर्माण गरी प्रभावकारी कार्यान्वयन हुन जरूरी हुन्छ । यसबाट समाजको अपेक्षा अनुरूप समय अनुसारको गुणस्तरीय शिक्षा वालवालिकाले पाँउछन् (कोइराला, २०६२) ।

सरकारद्वारा अनुदानप्राप्त विद्यालयहरूको व्यवस्थापनको जिम्मा समुदायलाई दिने सरकारको नीति अनुरूप विद्यालय व्यवस्थापनको जिम्मा समुदायलाई दिइदैं आएको छ । समुदायमा हस्तान्तरण भएका र हुन बाँकी विद्यालयहरू समेतमा वि.व्य.स. गठन भई सञ्चालन रेखदेखको जिम्मा समेत अभिभावकलाई सुम्पेको वर्तमान परिस्थितिमा शोधकर्ता निरौलाले विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव शिर्षकमा गरिएको अध्ययनमा योजना निर्माण र कार्यान्वयनमा वि.व्य.स.का थप कामदारहरूको समेत अध्ययन गर्नु सान्दर्भिक देखिएकोले यो शोध अध्ययन महत्वपूर्ण हुनेछ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

विद्यालयमा निर्माण गरिने योजनाहरू र तिनीहरूको प्रभावकारी कार्यन्वयनमा विद्यालय व्यवस्थापन समितिको भूमिका अध्ययन गर्न खोजिएको यो अध्ययन अनुसन्धान सर्भेक्षणमा आधारीत विश्लेषणात्मक अध्ययन विधि हो । यस अध्ययनमा प्राप्त तथ्याङ्कहरूलाई व्याख्या विश्लेषण गरी अध्ययनको निश्कर्ष निकाल्ने प्रयास गरिएको छ । अध्ययनको क्रममा विद्यालयहरूको छनौट, अध्ययन क्षेत्र, अध्ययनमा प्रयोग गरीएका साधनहरू, तथ्याङ्क संकलन प्रक्रिया, तथ्याङ्क विश्लेषण आदि पक्षहरूको विवरण प्रस्तुत गरिएको छ । अध्ययन Quantitative र Qualitative दुवै खालको समावेश गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि परिणात्मक Quantitative) (र गुणात्मक (Qualitative) गरी दुवै प्रकृतिका तथ्य एवं सुचनाहरू आवश्यक भएकोले प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र अभिभावकहरूका धारणा तथा विचारहरू र प्रतिक्रियाहरू संकलन गर्ने काम गरिएको थियो ।

### ३.२.१ जनसंख्या

कुनैपनि विषयमा गरिने अध्ययनले लागि सो विषयसंग सम्वन्धित सम्पूर्ण जनसंख्यालाई प्रभाव पार्दछ । प्रस्तुत विषयको अध्ययन पाँचथर जिल्लाको नागी स्रोतकेन्द्र को परिधिमा सीमित छ । यस केन्द्रमा रहेका २२ वटा सरकारी विद्यालयहरू जसमा कार्यरत २२ जना प्र.अ., १८६ जना शिक्षक-शिक्षिका, १९८ जना वि.व्य.स.पदाधिकारीहरू र ५२८६ जना कुल अध्ययनरत विद्यार्थीहरू (स्रोतः-स्रोत शिक्षक, नागी) नै यस अध्ययनको कूल जनसंख्या हुनेछ ।

### ३.२.२ नमूनाको आकार

कुनैपनि विषयमा गरिने अध्ययनका लागि सो विषयसंग सम्बन्धित सम्पूर्ण जनसंख्याको अध्ययन गर्न सम्भव हुदैंन । तसर्थ, यस अध्ययनको लागि कुल जनसंख्याबाट ६ जना प्र.अ.,

६ वटा विद्यालय, १० जना वि.व्य.स.पदाधिकारी, १० जना शिक्षक र १० जना अभिभावकलाई छनौट गरी अध्ययन सम्पन्न गरिएको छ ।

### ३.३.३ नमूना छनौटको विधि र आधार

नमूना छनौट गर्दा शिक्षक, अभिभावक र विद्यालय सम्भावनायुक्तः नमूना छनौट, विधि र अध्यक्ष, प्र.अ. उद्देश्यमूलक नमूना छनौट विधि अनुसार छनौट गरी अध्ययन गरिएको छ । विद्यालयको छनौट गर्दा तहगत भौगोलिकता, विद्यालयको आर्थिक अवस्था आदिलाई ध्यान दिइ सबैको प्रतिनिधित्व हुने गरी छनौट गरिएको छ । यसैगरी प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीको छनौट गर्दा भौगोलिकता, जातियता, पढाइको अवस्था आदिलाई ध्यान दिइ समानुपातिक प्रतिनिधित्व हुने गरी नमूना छनौट गरिएको छ । नमूना छनौट गर्दा मा.वि., उ.मा.वि., नि.मा.वि., प्रा.वि. सबै पर्नेगरी प्रत्येक गा.वि.स.बाट २/२ वटा विद्यालय छानिएको छ । समानुपातिक प्रतिनिधित्व हुने गरी छानिएका प्र.अ., वि.व्य.स. पदाधिकारी, अभिभावक, शिक्षक, विद्यार्थीसंग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली भराई अवलोकन गरी सोध कार्य गरिएको छ । यसका साथै ६ वटा विद्यालयमा शैक्षिक वर्ष २०६४-२०६५ सम्म निर्माण गरीएका योजना र यिनीहरूको कार्यान्वयनको स्थिति र यसमा अभिभावकको सहभागिताको स्थिति अभिलेख र अर्न्तवार्ता अन्तरक्रियाबाट लिइएको छ ।

## ३.३ अध्ययनका साधन

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारीलाई तथ्याङ्क भनिन्छ । विद्यालयको योजना निर्माण र प्रभावकारी कार्यान्वयनमा वि.व्य.स.को भूमिका विषयमा गरीएका शोध कार्यमा प्राथमिक तथ्याङ्क तथा सहायक तथ्याङ्कका स्रोत का आधारमा तथ्याङ्क लिइएको छ । प्रश्नावली, अवलोकन र अर्न्तवार्ताबाट प्राथमिक तथ्याङ्क लिइएको छ भने विद्यालयको लब्धाङ्क पञ्जिका, निर्णय पुस्तिका, तथ्याङ्क फारामबाट सहायक तथ्याङ्क लिइएको छ ।

### ३.३.१ प्रश्नावली

वि.व्य.स. अध्यक्ष, पदाधिकारी, प्रधानाध्यापक, शिक्षक र अभिभावकलाई भराइएको छ । प्रश्नावलीहरूलाई अनुसूची नं. १,२,३,४ मा राखिएको छ ।

### ३.३.२ अन्तर्वार्ता

विद्यालय योजना निर्माण र कार्यान्वयनका विषयमा वि.व्य.स. अध्यक्ष, सदस्य, प्रअ. र अभिभावकसंग प्रत्यक्ष सम्पर्क स्थापना गरी अर्न्तवार्ता लिइएको छ । अनुसन्धानका उद्देश्यसंग सम्बन्धित रही अनुसन्धान अर्न्तवार्ता लिइएको छ ।

### ३.३.३ लक्षित समूह छलफल

शोधकर्ताले वि.व्य.स.पदाधिकारीहरू, अभिभावक, प्र.अ. र विद्यार्थीहरूसंग समूह छलफल र अन्तरक्रिया गरिएको छ । छलफलमा आएका प्रतिक्रियाहरू बुँदा टिपोट गरिएको, अध्ययनको विषयवस्तु भए नभएको छुट्टाइएको र बुँदाहरूलाई एकत्रित गरी शिलशिलेवार ढंगले व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनका लागि विभिन्न प्रकारका तथ्याङ्कका स्रोतहरू उपयोग गरिएको छ । ती मध्ये तथ्याङ्कका निम्न स्रोतहरूको उपयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

तथ्याङ्क संकलनको लागि प्राथमिक स्रोत महत्वपूर्ण स्रोत हो । यसमा अध्ययनकर्ता स्वयंम् विद्यालयमा गएर प्र.अ. प्राचार्य, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा विद्यार्थीहरूसंग छलफल, अर्न्तवार्ता गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

विद्यालयमा रहेका निर्णय पुस्तिका, वार्षिक योजनाहरूको फायल, विद्यार्थी विवरण जस्ता रेकर्डहरूको आधारमा द्वितिय स्रोत संकलन गरिएको छ ।

यसरी नै अध्ययनका लागि परिमाणात्मक र गुणात्मक गरी दुवै प्रकृतिका तथ्य एवं सूचनाहरू आवश्यक भएकोले प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरू, अभिभावकका धारणा तथा विचारहरू र प्रतिक्रिया संकलन गर्ने काम गरिएको थियो । शिक्षाको विकेन्द्रीकृत नीति अनुरूप विद्यालय तहमा निर्माण गरिने योजना र कार्यान्वयन तहसम्ममा

अभिभावकको सहभागिताको स्थिति जान्न बैठक निर्णय पुस्तिका, प्रश्नावली, अन्तरक्रिया आदिलाई आधार मानेर तथ्याङ्क लिने गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई सही रूपमा बुझ्न यसको विश्लेषण गरिनु पर्दछ । तथ्याङ्क विश्लेषण नगरिएसम्मको तथ्याङ्क आफैंमा पूर्ण भएको मानिंदैन । तथ्याङ्कबाट प्राप्त गर्न खोजिएको विषयवस्तु के हो,  तथ्याङ्कले के बोल्छ, तथ्याङ्कले अध्ययनको विषयवस्तुलाई कति समेट्न सक्छ, आदि कुराको निक्र्यौल गर्न तथ्याङ्कको विश्लेषण गर्ने गरिन्छ ।

यस शोध अध्ययनका क्रममा विभिन्न तथ्याङ्क संकलन गरिएका छन् । संङ्कलित तथ्याङ्कलाई विषयवस्तु अनुसार उद्देश्यसंग मेल खाने गरी एकिकृत गरेर तालिकामा देखाउने प्रयास गरिएको छ । तालिकामा उल्लेख गरिएको संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा समेत उल्लेख गरिएको छ ।

यो शोध-पत्र अभिभावकको योजना निर्माण र कार्यान्वयनमा देखिएको संलग्नताको स्थितिको अध्ययन भएकोले यससंग सम्बन्धित सन्दर्भसामग्री, अर्न्तवार्ता, व्यक्तिगत अनुभव र अनुभूतिहरू स्थलगत निरीक्षण अदिबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गर्ने कार्य गरिएको छ ।

# परिच्छेद : ४

## तथ्याङ्कको व्याख्या र विश्लेषण

### ४.१ योजना निर्माण र कार्यान्वयनमा वि.व्य.स.को सहभागिता

विद्यालय एक सामाजिक संस्था हो । यो सामूहिक प्रयत्नबाट सही दिशामा अघि बढ्न सक्छ । विद्यालयमा गरिने सबै क्रियाकलापहरू प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक र विद्यार्थीहरूको सक्रिय सहभागिता सम्पन्न हुन र उपलब्धिमूलक नहुन सक्छ । यसप्रकार विद्यालयको विविध गतिविधिमा सरोकारवालाको सहभागिताको स्थिति अध्ययन गर्नु पर्दछ । विद्यालयले समग्र स्थितिमा सुधार ल्याउन विद्यलाय तहमा विद्यालय सुधार योजना (SIP) बनाई कार्यान्वयन गर्ने गरिएको छ । यस्ता योजना निर्माण र कार्यान्वयन गर्न वि.व्य.स. अभिभावक, शिक्षक, कर्मचारी र प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहने गर्दछ तसर्थ वि.व्य.स.को योजना निर्माण र कार्यान्वयनको स्थितिलाई देहायका उप शीर्षकमा व्याख्या गरिएको छ ।

### ४.१.१ विद्यालय व्यवस्थापन सम्बन्धी वर्तमान कानूनी अवस्था

शिक्षाको विकेन्द्रीकृत अवधारणा अनुसार विद्यालय तहको व्यवस्थापनको जिम्मा विद्यालयका अभिभावकलाई दिन शुरू गरिएको छ । लोककल्याणकारी राज्य व्यवस्था तथा प्रजातान्त्रिक शासन पद्दतिमा जनताको संलग्नता र शासन सञ्चालन गर्ने मूल्य एवं मान्यता अङ्गीकार गरिएको हुन्छ । यस्तो पद्दतिमा विकेन्द्रीकरणलाई प्रजातन्त्र तथा शासन पद्दतिको आधारको रूपमा लिइन्छ । यसकारण विद्यालयलाई समुदायको काँधमा सुम्पी जनसहभागिता, जनसशक्तिकरण, सुशासनको प्रत्याभूति दिलाउने प्रयास सरकारी निकायबाट भएको पाइन्छ । विद्यालय सञ्चालनका क्रममा धेरै उतारचढाव आउने  गर्दछन् । त्यसबेला विद्यालय परिवारको रूपमा प्र.अ., शिक्षक, अभिभावक, वि.नि., जि.शि.अ. साथै वि.व्य.स.को भूमिका उल्लेख्य हुन पुग्छ । समुदायको इच्छा, आकांक्षालाई शिक्षाले सम्बोधन गर्नुपर्ने र शैक्षिक व्यवस्थापनमा समुदायले काँध हाल्नुपर्ने गरी वर्तमान शैक्षिक परिपाटीमा दोहोरो लेनदेनको क्रम पाउन सकिन्छ । विशेष गरी विद्यालय तहको आवश्यकता पूरा गर्नको लागि योजनाको छनौट निर्माण  कार्यान्ववयनमा अभिभावक, प्रशासक, शिक्षकहरू समेतको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समितिको गठन गरिएको छ ।

शिक्षा ऐन (२०२८) को आठौं संसोधन २०६२ ले सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समितिको गठन गर्ने व्यवस्था गरिएको छ :

क. अभिभावकहरूले आफू मध्येबाट छानी पठाएको व्यक्ति – अध्यक्ष

ख. अभिभावकहरूले आफू मध्येबाट छानी पठाएको एकजना महिला सहित ३ जना- सदस्य

ग. विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष–सदस्य

घ. स्थानीय वुद्धिजिवी शिक्षाप्रेमीहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना– सदस्य

ङ. विद्यालयका संस्थापकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना – सदस्य

च. विद्यालयलाई रकम, घर, जग्गा उपलब्ध गराउने चन्दादाताहरू मध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको एकजना – सदस्य

छ. विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

ज. विद्यालयको प्रधानाध्यापक – सचिब

शिक्षा ऐन अनुसार वि.व्य.स. गठनमा सहभागिताको स्थितिलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका १ : शिक्षा ऐन अनुसार वि.व्य.स. गठनमा सहभागिता**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अभिभावक संख्या | ८ | ८०% |
| | क. निर्वाचित अभिभावक– ४ जना | | ५० % |
| | ख. वि.व्य.स.बाट मनोनित– ३ जना | | ३७.५% |
| | ग. पदेन अभिभावक– १ जना | | १२.५% |
| २. | शिक्षक तथा प्रधानाध्यापक संख्या | २ | २० % |
| | **जम्मा** | **१०** | **१०० %** |

स्रोत : शिक्षा नियमावली २०६३

उपरोक्त तालिका अनुसार विद्यालय व्यवस्थापन समितिमा ८ जना अभिभावक सहभागी हुन्छन्, जुन कुल समितिको ८०% हो भने प्र.अ. र शिक्षक गरी विद्यालयको प्रतिनिधित्व २०% अर्थात २ जनाले गरीरहेका हुन्छन् । यसप्रकार विद्यालय तहको योजना छनौट निर्माण

र कार्यान्वयनमा वि.व्य.स.को सहभागिता भन्नाले ८०% सरोकारवाला अभिभावकको संलग्नता भन्ने बुझिन्छ भने २०% भन्नाले विद्यालयको शिक्षक र प्र.अ. को सहभागिता भन्ने बुझिन्छ । वि.व्य.स.मा सहभागी हुने अभिभावकहरू मध्ये ५०% अभिभावक भेलाबाट निर्वाचित हुन्छन् भने ३७.५% अभिभावक (अर्थात ३ जना) वि.व्य.स.ले मनोनित गरेको र १२.५% (अर्थात १ जना) अभिभावक पदेन सदस्यको रूपमा छानिएका हुन्छन् ।

शिक्षा नियमावलीमा व्यवस्था भए अनुरूपको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमध्ये योजना निर्माण गरी कार्यान्वयन गरीने तोकिएका कार्यहरू निम्नानुसार छन्

क. विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोत को परिचालन गर्ने ।

ख. विद्यालयको चल-अचल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

ग. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अद्यावधिक गराइ राख्ने ।

घ. विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाँउ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने ।

ङ. विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाकोआधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

च. प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराइ विद्यालयको अघिल्लो वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

छ. विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीहरूलाई आवश्यक सुविधा उपलब्ध गराउने ।

ज. शिक्षक तथा कर्मचारीको कल्याण कोषको व्यवस्था गर्ने ।

झ. विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवाश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने ।

ञ. विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने ।

ट. शिक्षकलाई तालिमका लागि छनौट गर्ने ।

विद्यालय व्यवस्थापन समितिले उपरोक्त काम, कर्तव्य र अधिकारलाई सही उपयोग गरी शैक्षिक गुणस्तर उकास्न विद्यालय तहमा शैक्षिक, भौतिक, आर्थिक क्षेत्र सुधारका योजना

निर्माण गर्न आवश्यक छ । योजनाहरूलाई प्राथमिकता क्रममा राखी साधन स्रोत जुटाएर कार्यान्वयनमा चासो देखाउन वि.व्य.समिति सक्रिय हुन जरूरी छ ।

### ४.१.२ विद्यालयको हालको अवस्था

शोध अध्ययनको क्रममा छानिएका नागी स्रोतकेन्द्र पाँचथरका ६ वटा विद्यालयको वर्तमान अवस्थाको विवरण तलका तालिकाहरूबाट स्पष्ट पारिएका छन् । शोध अध्ययनका लागि छनौट भएको नागी स्रोतकेन्द्र विद्यालयको नाम, ठेगाना र अन्य विवरणहरू यस प्रकार छन् :

**तालिका २ : विद्यालयको नाम, ठेगाना र अन्य विवरण**

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | वि.व्य.स. गठन | गठन भएको मिति |
|---|---|---|---|---|---|
| १. | श्री अमरपुर उच्च मा.वि., अमरपुर | २० | १०५८ | भएको | २०६५/०५/१० |
| २. | श्री थर्पु उच्च मा.वि., थर्पु | २३ | ११८४ | भएको | २०६६/१२/१८ |
| ३. | श्री भानु नि.मा.वि., नागी | १२ | २१५ | भएको | २०६५/०७/१४ |
| ४. | श्री सिरिसे नि.मा.वि., थर्पु | १२ | १७० | भएको | २०६६/०९/२० |
| ५. | श्री ज्ञानज्योति प्रा.वि., अमरपुर | ५ | १२८ | भएको | २०६५/०५/१४ |
| ६. | श्री पाथिभरा प्रा.वि., नागी | ४ | ७८ | भएको | २०६५/०७/१२ |

स्रोत : विद्यालयको तथ्याङ्क फाराम २०६६

नागी स्रोतकेन्द्र का कुल ३ वटा उच्च मा.वि.मध्येबाट २ वटा, २ नि.मा.वि. र २ वटा प्रा.वि.लाई अध्ययनको क्रममा छनौट गरिएको छ । उक्त विद्यालयहरू सबैमा विद्यालय व्यवस्थापन समिति गठन भइ विद्यालयको सञ्चालन, रेखदेख, सहयोग भइरहेको पाइयो । शिक्षा नियमावलीमा व्यवस्था भए अनुरूपको वि.व्य.स.को पदावधि ३ वर्षको हुनेमा थर्पु उच्च मा.वि.को आगामी ०६७ असारमा म्याद सकिन लागेकोले नयाँ वि.व्य.स. गठनको प्रक्रिया अघि बढाउन लागिएको कुरा स्थलगत अध्ययनबाट थाहा भयो ।

उक्त तालिका अनुसार सर्भेक्षण गरीएका ६ वट विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भएको र समिति अध्यक्षहरूसंगको प्रत्यक्ष छलफलमा अनुभवी, सक्षम, सक्रिय विद्यालय व्यवस्थापन समिति अध्यक्षले कार्यभार सम्हालेको पाइयो । विद्यालयका प्र.अ.हरूपनि अनुभवी तथा लामो समयसम्म विद्यालय चलाएका प्रधानाध्यापक रहेको अवस्था छ ।

## क) विद्यालयहरूको वर्तमान भौतिक अवस्था

विद्यालय सञ्चालनको लागि आवश्यक भौतिक सुविधा हुन आवश्यक छ । सर्वेक्षणमा छानिएका विद्यालयहरूको भौतिक अवस्थाको विवरण निम्न अनुसारको पाइयो ।

**तालिका ३ : विद्यालयको भौतिक अवस्था सम्बन्धी विवरण**

| क्र. सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | भवन संख्या | कक्षा कोठा संख्या | खानेपानी | खेल मैदान | चर्पी संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | श्री अमरपुर उच्च मा.वि., | १२ | ८ | १६ | अपर्याप्त | भएको | १ |
| २. | श्री थर्पु उच्च मा.वि., थर्पु | १२ | ७ | १७ | भएको | अपर्याप्त | १ |
| ३. | श्री भानु नि.मा.वि., नागी | ८ | ३ | ११ | नभएको | नभएको | १ |
| ४. | श्री सिरिसे नि.मा.वि., थर्पु | ८ | २ | १० | भएको | भएको | १ |
| ५. | श्री ज्ञानज्योति प्रा.वि., | ५ | १ | ५ | नभएको | नभएको | १ |
| ६. | श्री पाथिभरा प्रा.वि., नागी | ५ | १ | ४ | भएको | भएको | १ |

स्रोत : विद्यालयको स्थलगत अध्ययन, २०६६

उपरोक्त तालिका तथा स्थलगत अध्ययन टिपोटका आधारमा सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार त्यति सन्तोषजनक छैन । विद्यालयमा अति आवश्यक पर्ने खानेपानी समेत २ वटा विद्यालयहरूमा छैन, जुन ३३.३% विद्यालयमा खानेपानी छैन भने एक विद्यालय श्री अमरपुर मा.वि.मा वर्षाको समयमा मूल फुट्दा आउने पानीको सुविधा छ, जुन पानी ६ महिना जतिमात्र उपयोगमा ल्याउन सकिन्छ । विद्यार्थीको चाप अत्यन्तै धेरै रहेका थर्पु उच्च मा.वि. र श्री अमरपुर उच्च मा.वि. मा कक्षा कोठा कम हुनु, भएका कक्षाकोठा पनि पुराना र जीर्ण अवस्थामा रहेको पाइयो । श्री ज्ञान ज्योति प्रा.वि.मा ४ वटा मात्र कक्षा भएकोले कक्षा १ र २ लाई एकै ठाँउमा राखेर पठनपाठन गराइएको पाइयो । विद्यालयको घेराबारा झन ६ वटा विद्यालयमै (१००%) नभएको पाइयो । चर्पी प्रत्येक विद्यालयमा भएपनि मा.वि.मा विद्यार्थी संख्याको चाप अनुसार चर्पी संख्या अपुग रहेको छ । ५ विद्यालयहरूमा स्टाफहरूको लागि अलग्गै चर्पीको व्यवस्था नभएको पाइयो । यसर्थ विद्यालय र विद्यालयसंग सरोकार राख्ने सम्पूर्ण सरोकारवाला समेतको संलग्नतामा भौतिक सुधारका योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

## ख) शैक्षिक सामग्रीहरूको प्रयोगको अवस्था

विद्यालयमा पठनपाठनमा सहयोग गर्न आवश्यक शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ । स्थानीय स्तरमा बनाइने योजना शैक्षिक सामग्री निर्माण गर्न सहयोग गर्ने खालको हुनुपर्छ ।

सर्वेक्षण गरिएका विद्यालयहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था निम्न अनुसारको पाइयो :

**तालिका ४ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था**

| क.सं. | विद्यालयको नाम | नक्सा | चार्ट | पकेट चार्ट | पाठ्यक्रम | अन्य पुस्तक |
|---|---|---|---|---|---|---|
| १. | श्री अमरपुर उच्च मा.वि. | ५ | ४ | ३ | ३ | १२० |
| २. | श्री थर्पु उच्च मा.वि. | ६ | ५ | ३ | ३ | १७२ |
| ३. | श्री भानु नि.मा.वि. | ४ | ३ | २ | २ | ७६ |
| ४. | श्री सिरिसे नि.मा.वि. | ७ | २ | २ | २ | ८५ |
| ५. | श्री ज्ञानज्योति प्रा.वि. | ५ | २ | २ | २ | ४२ |
| ६. | श्री पाथिभरा प्रा.वि. | ४ | २ | १ | १ | ४५ |

स्रोत : विद्यालयको स्थलगत अध्ययन, २०६६

उपरोक्त तालिकाका आधारमा न्यून मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गरेको पाइयो । हरेक शिक्षणमा सामग्री हुन आवश्यक ठानिन्छ । शैक्षिक सामग्री संकलनमा ठूलो भूमिका शिक्षकको हुन्छ । लागत लाग्ने शैक्षिक सामग्रीको व्यवस्था गर्न चाहिने रकम प्र.अ.ले विद्यालय व्यवस्थापन समितिमा निर्णय गराई खर्च गर्नुपर्ने हुन्छ । तसर्थ, उक्त रकमको लागि स्रोत जुटाई खर्च गर्ने अधिकार दिइ खर्च भए- नभएको अनुगमन समेत वि.व्य.स.ले गर्ने गरेको पाइयो ।

## ग) आ.व. २०६४/०६५ मा सम्पन्न भएका प्रमुख भौतिक निर्माण योजनाको अध्ययन

शैक्षिक वर्ष २०६४ र ०६५ सालमा छानिएका विद्यालयहरूमा सम्पन्न गरीएका २ ठूला निर्माण योजनालाई अध्ययनको क्रममा प्राथमिकता दिइएको छ । यी योजना निर्माण गर्न जि.शि.का., DFID, Unicef र समुदायका आर्थिक सहयोग प्राप्त भएका थिए । ती योजनाहरूको आवश्यकता महसुस गरी विद्यालय व्यवस्थापन समिति र अभिभावक भेलाबाट परित गराइ योजना कार्यान्वयन गरिएका छन् । छनौटमा परेका विद्यालयहरूको दुई वर्षमा निर्माण भएका योजनाहरू निम्नानुसार छन् :

### तालिका ५ : विद्यालयहरूमा दुई वर्षमा निर्माण भएका योजनाहरू

| क्र.सं. | विद्यालयको नाम | योजना नं. १ | | योजना नं. २ | |
|---|---|---|---|---|---|
| | | नाम | सहयोग | नाम | सहयोग |
| १. | श्री अमरपुर उच्च मा.वि., | ४ कोठे भवन | गा.वि.स.+समुदाय | चर्पी | युनिसेफ+समुदाय |
| २. | श्री थर्पु उच्च मा.वि., थर्पु | ६ कोठे भवन | DFID+समुदाय | ४ कोठे भवन | जि.शि.का.+ समुदाय |
| ३. | श्री भानु नि.मा.वि., नागी | ४ कोठे भवन | जि.शि.का.+ समुदाय | चर्पी | जि.शि.का.+ समुदाय |
| ४. | श्री सिरिसे नि.मा.वि., थर्पु | चर्पी | जि.शि.का.+ समुदाय | खेलमैदान निर्माण | गा.वि.स.+ समुदाय |
| ५. | श्री ज्ञानज्योति प्रा.वि., अमरपुर | चर्पी | जि.शि.का.+ समुदाय | सिढीं निर्माण | गा.वि.स.+ समुदाय |
| ६. | श्री पाथिभरा प्रा.वि., नागी | धारा निर्माण | DFID+समुदाय | भुँइ प्लाष्टर | गा.वि.स.+ समुदाय |

स्रोत : स्थलगत अध्ययन, २०६६

माथिको तालिकाबाट उक्त विद्यालयमा सम्पन्न भए मध्येका २ ठूला निर्माण सम्बन्धी योजनालाई अध्ययनको विषयवस्तु बनाइएको छ । अधिकांश विद्यालयहरूमा विद्यार्थीको चाप बढेकोले विद्यालय र अभिभावकको ध्यान भवन निर्माणमा गएको देखिन्छ । भौगोलिक हिसाबले पहाडी भेगमा कतिपय विद्यालयमा शौचालयको अभाव भएकोले जि.शि.का.बाट समेत चर्पी निर्माणमा आर्थिक सहयोग गरेको पाइएको छ । यसका अतिरिक्त खेलमैदान, बाटो, कक्षाकोठा मर्मत जस्ता कामलाई समेत प्राथमिकता दिइएको छ ।

माथिका तालिका अनुसार ६ वटा विद्यालयमा शै.व. २०६४ र २०६५ मा सम्पन्न भएका प्रत्येक १२ वटा योजना सम्पन्न भएका छन् यी १२ वटा नै योजनाहरूमा अभिभावकहरूको संलग्नता खोजिएको छ । ती योजनाका आवश्यकतक पहिचान देखि सम्पन्न हुँदा सम्म जम्मा १४ वटा अभिभावकको भेला र तिनै योजनासंग सम्बन्धित भएर जम्मा ५५ वटा बैठक बसी निर्णय भएको देखिन्छ । यसबाट सामाजिक मागको सिद्धान्त अनुरूप समाजिक चाहना र आवश्यकता अनुरूप निर्माण, छनौट र कार्यान्वयन भएको पाइन्छ । जि.शि.का., विभिन्न सरकारी, गैर सरकारी संस्थाका अलवा गा.वि.स., सामुदायिक वन लगायत अभिभावक समेतको आर्थिक भार व्यहोर्नु पर्ने यी योजनामा अभिभावक र वि.व्य.स.को चासो रहेको पुष्टि भएको छ ।

### ४.१.३ वि.व्य.स. बैठक र निर्णयहरूको विश्लेषण

विद्यालय व्यवस्थापन समितिको नियमित बैठक सामान्यता दुई महिनामा एक पटक बस्ने नियमावलीमा व्यवस्था गरिएको छ । स्थलगत अध्ययनको क्रममा वि.व्य.स. अध्यक्ष र प्र.अ.लाई सोधिएको प्रश्नावली अनुसार, विद्यालयको आवश्यकता अनुसार वि.व्य.स.को बैठक बसी निर्णय गरेको जवाफ दिनु भएको छ । शैक्षिक वर्ष ०६४ र ०६५ मा बसेको वि.व्य.स.को बैठक संख्या र निर्णय संख्या यसप्रकार छ :


**तालिका ६ : वि.व्य.स.को बैठक र निर्णय संख्या**

| क्र. सं. | विद्यालयको नाम | बैठक संख्या | भौतिक निर्णय | शैक्षिक निर्णय | प्रशासनिक निर्णय | आर्थिक निर्णय | अन्य निर्णय | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | अमरपुर उ.मा.वि., | २६ | ३२ | ३२ | २४ | ३४ | १० | १३२ |
| २. | थर्पु उ.मा.वि. | २८ | ३६ | २८ | ३० | ३६ | १५ | १४६ |
| ३. | भानु नि.मा.वि. | २६ | २५ | २० | २५ | २८ | १४ | ११२ |
| ४. | सिरिसे नि.मा.वि. | २४ | २४ | १७ | २२ | २६ | १६ | १०५ |
| ५. | ज्ञानज्योति प्रा.वि. | २३ | १४ | १७ | १४ | २४ | १२ | ८१ |
| ६. | पाथिभरा प्रा.वि. | २५ | १८ | १८ | १३ | २७ | १६ | ९२ |
| | निर्णय संख्या | १५२ | १४९ | १३२ | १२८ | १७६ | ८० | ६६८ |
| | औषत | २५.३ | २४.८ | २२ | २१.३ | २९.३ | १३.३ | १११.३ |
| | औषत प्रतिशत | | २२.२% | १९.७% | १९.९% | २६.३% | ११.९% | |

स्रोत : विद्यालयको निर्णय पुस्तिका २०६४ र २०६५ बाट

उपरोक्त तालिका अनुसार विद्यालयमा सबैभन्दा बढी १७६ निर्णय आर्थिक निर्णय भएका छन् । यो कुल निर्णयको २६.३% हो । यसैगरी विद्यालयमा विद्यालयको भौतिक निर्माणका लागि कुल १५५ वटा निर्णय ६ वटा विद्यालयमा भएको विद्यालयको वि.व्य.स.को निर्णय पुस्तिकाबाट स्पष्ट हुन्छ । यसप्रकार विद्यालयको भौतिक, आर्थिक र शैक्षिक निर्णय गर्दा विद्यालय र वि.व्य.स.बीच छलफल हुने गरेको  पाइयो ।

वृत्तचित्र १: वि.व्य.स. बाट भएका जम्मा निर्णय




उपरोक्त वृत्तचित्रबाट छनौटमा परेका विद्यालयमा कुल १५२ वटा बैठकमा जम्मा ६६८ वटा निर्णय भएका मध्ये प्रत्येक विद्यालयले औषत १११.३ वटा निर्णय गरेको पाइयो । यसमा आर्थिक पक्षका निर्णय २६.६%, भौतिक निर्माण सम्बन्धी निर्णय २२.२% गरेको पाइयो । यी दुवै निर्णय प्रायः एक अर्कासंग सम्बन्धित खालका पनि छन् । निर्णय प्रक्रियामा मास्लोको आवश्यकताको सिद्धान्त अनुसार अति आवश्यकीय पक्षको पहिचान गरी प्राथमिकता दिएर योजना छनौट र कार्यान्वयन गरिएको छ ।

### ४.१.४ बैठकमा वि.व्य.स. पदाधिकारीको सहभागिताको अध्ययन

नमूना छनौटमा परेका विद्यालयहरूको वि.व्य.स. निर्णय पुस्तिका २०६४ र ०६५ को अध्ययन गर्दा निम्नानुसारको वि.व्य.स.पदाधिकारीको उपस्थिति दर पाइयो ।

**तालिका ७ : वि.व्य.स. पदाधिकारीको उपस्थिति तालिका**

| क्र. सं. | विद्यालयको नाम | अध्यक्ष | प्र.अ. | शिक्षक | महिला सदस्य | अभिभावक | कुल बैठक संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | श्री अमरपुर उ.मा.वि.,अमरपुर | २५ | २६ | २६ | १७ | ८० | २६ |
| २. | श्री थर्पु उच्च मा.वि., थर्पु | २८ | २७ | २५ | १६ | ८२ | २८ |
| ३. | श्री भानु नि.मा.वि., नागी | २५ | २५ | २४ | १८ | ११२ | २६ |
| ४. | श्री सिरिसे नि.मा.वि., थर्पु | २२ | २४ | २२ | १९ | १०५ | २४ |
| ५. | श्री ज्ञानज्योति प्रा.वि., अमरपुर | २३ | २३ | २२ | १६ | ९१ | २३ |
| ६. | श्री पाथिभरा प्रा.वि., नागी | २५ | २४ | २३ | १५ | ६५ | २५ |
| | कुल जम्मा | १४८ | १४९ | १४२ | १०१ | ५३५ | १५२ |
| | औषतमा | २४.६ | २४.८ | २३.६ | १६.८ | १०७ | २५.३ |
| | प्रतिशतमा | ९७.३% | ९८.०२% | ९३.२८ % | ६६.४ % | | १००% |

स्रोत : विद्यालयको निर्णय पुस्तिका, २०६४ र ०६५

अध्ययनको क्रममा छनौट गरिएका ६ वटा विद्यालयहरूमा शै.व. २०६४ र ०६५ मा जम्मा १५२ पटक बैठक बसेको थियो । यसमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ. को उपस्थिति दर उच्च देखियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.को भूमिका उल्लेख्य हुने गर्छ । तसर्थ १५२ पटकको कुल बैठक संख्यामा १४८ विद्यालयको बैठकमा उपस्थित भएको विद्यालयको निर्णय पुस्तिकाबाट प्रमाणित हुन्छ, यो उपस्थिति ९७.३% हो । यसैगरी वि.व्य.स.को बैठकमा उल्लेख्य भूमिका रहने प्र.अ. ९८.०२% बैठकमा सहभागि भएको पाइयो । बैठकमा महिला प्रतिनिधिको भने तुलनात्मक रूपमा कम १०१ वटा बैठकमा उपस्थिति देखियो, जुन ६६.४ हो । सामान्य तथा महिलाहरू घरायसी काममा व्यस्त हुनाले बैठकमा केही कम उपस्थिति देखियो । समितिका अन्य अभिभावक सदस्यहरूको उपस्थिति ७०.३% छ ।

सामाजिक मागको सिद्धान्त अनुसार समाजको इच्छा, आवश्यकता र स्थितिका आधारको शैक्षिक प्रणाली विकास गर्ने, सोही अनुरूपको शैक्षिक संरचना निर्माण र विकास गर्ने

अभिभावकको संलग्नता रहने गर्छ भने झैं वि.व्य.स. पदाधिकारीको वि.व्य.स. बैठकमा माथिको तालिका अनुसारको उपस्थिति प्रतिशतलाई सन्तोषजनक रूपमा हेर्न सकिन्छ ।

### ४.१.५ सहभागिता सम्बन्धी प्र.अ.बाट प्राप्त प्रतिक्रिया


वि.व्य.स.को बैठक बोलाउने तर उपस्थिति न्यून हुने सामुदायिक विद्यालयको समस्या हुने गर्छ । यसमा अध्ययन गरिएका ६ वटा विद्यालयमा ०६४/०६५ मा उपस्थिति त्यति निराशाजनक पाइएन । न्यून उपस्थिति हुने महिला सदस्य समेतको उपस्थिति ६६.४% पाइयो । यसैगरी शोधकर्ताले प्र.अ.लाई भराइएको प्रश्नावलीमा वि.व्य.स. पदाधिकारीको उपस्थिति कस्तो छ भनी सोधिएको प्रश्नमा निम्न जवाफ पाइयो ।

**तालिका ८ : प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रिया**

| प्रतिक्रियाको विवरण | प्र.अ. संख्या | प्रतिशत |
|---|---|---|
| सन्तोषजनक | ५ | ८३.४% |
| अप्रर्याप्त | १ | १६.६% |
| अति राम्रो | X | X |
| सहयोग भएन | X | X |

स्रोत : शोध अनुसन्धान प्रश्नावली, २०६६

**वृतचित्र २ : सहभागिता सम्बन्धी प्र.अ.बाट प्राप्त प्रतिक्रिया**



विद्यालयको विविध सवालमा निर्णय गर्नको लागि बोलाइएको बैठकमा विद्यालय व्यवस्थापन समितिका समितिहरूको उपस्थिति सन्तोषजनक रहेको, प्र.अ. हरूको जवाफ पाइयो । यसमा ८३.३४% प्र.अ.हरूले समितिका सदस्यहरूको उपस्थितिलाई सन्तोषजनक रुपमा लिइएको पाइयो भने १६.६६% प्र.अ.हरूले वि.व्य.स.का पदाधिकारीहरूको उपस्थिति न्यून रहेको जवाफ दिएका छन् । Mary Parker Follet को मानव सम्बन्ध सिद्धान्तमा प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोड दिई सामूहिक भावनाबाट मात्र संगठनको सफलता निर्भर हुन्छ भन्ने तर्क र सर्वेक्षण गरिएका विद्यालयका प्र.अ.हरूमध्ये ८३.३४% ले वि.व्य.स.को पदाधिकारीहरूको सन्तोषजनक उपस्थितिको प्रतिक्रियाबाट विद्यालय सञ्चालनमा केही सहज वातावरण सृजना भएको पुष्टि हुन्छ । यति हुँदाहुँदैं पनि प्र.अ.हरूका अनुसार ११ बजे बोलाइएको बैठकमा १ बजे उपस्थित हुने गरेको गुनासो पाइएको छ ।

## ४.१.६ सहभागिता सम्बन्धी वि.व्य.स. र अभिभावकको प्रतिक्रिया

विद्यालयका व्यवस्थापन समितिका अभिभावक पदाधिकारी र अन्य अभिभावकलाई वि.व्य.स. बैठकमा योजना निर्माण र कार्यान्वयनमा केन्द्रित रहेर प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको छ । प्रश्नावलीमा भएका वि.व्य.स.को सहभागिता र निर्णय प्रक्रिया सम्बन्धी ५-५ वटा प्रश्नहरूको प्रतिक्रियालाई मात्र समेटिएको छ । वि.व्य.स. पदाधिकारी र अभिभावकहरूबाट प्राप्त प्रतिक्रियाको आधारमा योजना निर्माण र कार्यान्वयनमा वि.व्य.स.को सहभागिताको विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ ।

**तालिका ९ : वि.व्य.स. को निर्णयमा सहभागिता अध्ययन**

| क्र. सं. | जवाफ दिने समूह | कथन | प्रतिक्रियाको वर्गिकरण | प्रतिक्रिया को संख्या | संख्यात्मक विवरण % |
|---|---|---|---|---|---|
| १. | वि.व्य.स. पदाधिकारीहरू (१० जनालाई) | तपाँईंको विद्यालयको भौतिक पूर्वाधार कस्तो छ ? | क. अति उत्तम | ✖ | ✖ |
| | | | ख. उत्तम | १ | १०% |
| | | | ग. मध्यम | ८ | ८०% |
| | | | घ. काम नलाग्ने | १ | १०% |
| २. | | विद्यालयमा योजना छनौट निर्माण र कार्यान्वयन गर्दा प्र.अ.को प्रस्ताव कसरी लागु हुन्छ ? | क. हु-वहु लागु हुन्छ | १ | १०% |
| | | | ख. छलफल गरेर लागु हुन्छ | ९ | ९०% |
| | | | ग.छलफल हुन्न | ✖ | ✖ |
| | | | घ. अन्य | ✖ | ✖ |
| ३. | | विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालयमा बनाइने योजना जस्तै : भवन, शौचालय, | क. सामान्य हुन्छ | २ | २०% |
| | | | ख. प्राथमिकता दिएर छलफल हुन्छ | ७ | ७०% |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खानेपानी निर्माण गर्ने, आर्थिक संकलन गर्नेका बारेमा छलफल हुन्छ ? | ग. छलफल हुँदैंन | १ | १०% |
| | | | घ. अन्य | ✖ | ✖ |
| ४. | | योजना निर्माण भएको बेला विद्यालय व्यवस्थापन समितिले अनुगमनको पालो मिलाएको थियो ? | क. थियो | ७ | ७०% |
| | | | ख. थिएन | १ | १०% |
| | | | ग. थियो, कोही गएन | १ | १०% |
| | | | घ. अन्य | १ | १०% |
| ५. | | तपाँइंको वि.व्य.स. योजना निर्माण गरी कार्यान्वयनको लागि श्रमदान जुटाउन सक्षम छ ? | क. सक्छ | ४ | ४०% |
| | | | ख. जेनतेन सक्छ | ६ | ६०% |
| | | | ग. सक्दैन | ✖ | ✖ |
| | | | घ. थाहा छैन | ✖ | ✖ |
| ६. | अभिभावकहरू (१० जनालाई) | तपाईं एक वर्षमा कति पटक अभिभावक भेलामा भाग लिनु भएको छ ? | क) १ पटक | २ | २०% |
| | | | ख) २ पटक | ७ | ७०% |
| | | | ग) छैन | ✖ | ✖ |
| | | | घ) थाहा दिएको छैन | १ | १०% |
| ७. | | अभिभावक भेलामा विद्यालयमा बनाइने भौतिक संरचना निर्माण गर्न तपाईंसँग परामर्श लिइन्छ ? | क) लिइन्छ | ३ | ३०% |
| | | | ख) लिइदैंन | ४ | ४०% |
| | | | ग) सामान्य सोधिन्छ | ✖ | ✖ |
| | | | घ) अन्य | ✖ | ✖ |
| ८. | | विद्यालयमा भौतिक संरचना निर्माणमा सहयोग गर्न कसले अनुरोध गर्दछ ? | क) वि.व्य.स. | | |
| | | | ख)प्र.अ.तथा शिक्षकले | | |
| | | | ग) माथिका सबैले | १० | १००% |
| | | | घ) अनुरोध नै गरीदैन | | |
| ९. | | तपाईलाई विद्यालयले के कस्तो कामको लागि निमन्त्रणा गर्ने गरेको छ ? | क) श्रमदान गर्ने, चन्दा लिन | ७ | ७०% |
| | | | ख) निर्णय गर्न | ✖ | ✖ |
| | | | ग) पठनपाठनको जानकारी गराउन | ३ | ३०% |
| | | | घ) अन्य...... | ✖ | ✖ |
| १० | | .................... को निर्माण गर्दा तपाईं विद्यालयमा कति पटक विद्यालय जानुभयो ? | क) सधैं गए | ✖ | ✖ |
| | | | ख) कहिलेकाहिं गए | ७ | ७०% |
| | | | ग) १/२ पटक | ३ | ३०% |
| | | | घ) गइन | ✖ | ✖ |

स्रोत : स्थलगत अध्ययन, २०६६

माथिको तालिकामा वि.व्य.स.का सदस्य तथा अध्यक्ष मध्ये ८०% ले विद्यालयको भौतिक पूर्वाधार मध्यम खालको छ भन्ने प्रतिक्रिय प्राप्त भएको छ । विद्यालयको शैक्षिक वातावरण राम्रो बनाउने हो भने विद्यालयको अति आवश्यक पूर्वाधार निर्माणमा जोड दिए । निर्णय प्रक्रियामा प्र.अ. का प्रस्तावहरू छलफल गरेर विद्यालयको आवश्यकता र समुदायको क्षमता अनुसारका योजना अनुमोदन गर्ने ९०% सदस्यको प्रतिक्रिया रह्यो भने अर्को तर्फ अभिभावक मध्ये ३०% ले मात्र आफूसंग परामर्श लिने गरेको प्रतिक्रिया दिए । विद्यालयमा योजना निर्माण भइरहेको बेला (भवन, चर्पी, फर्निचर निर्माण हुँदा) ७ जना वि.व्य.स. सदस्यले समितिले र निर्माण समितिले अनुगमनको पालो मिलाएको प्रतिक्रिया दिए । अर्को तर्फ १०% वि.व्य.स. पदाधिकारीले अनुगमन समितिबाट नभएको र प्र.अ. आफैंले निर्माणमा सहभागी बनेको जवाफ पाइयो । यसप्रकार माथिको तथ्याङ्कबाट के भन्न सकिन्छ भने विद्यालयको निर्णय प्रक्रियामा निरंकुश प्रशासकको निर्णय लागू हुने परिस्थितिमा क्रमशः सुधारलाई सरोकारवालाको पनि सहभागितामा सहभागित्माक निर्णय (Participatory decision making) गर्ने दिशामा सामुदायिक विद्यालय अग्रसर भएको पाइयो ।

### ४.१.७ प्र.अ. र शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया

वि.व्य.स. पदाधिकारीहरूको योजना निर्माण सम्बन्धी बैठकमा सहभागिता सम्बन्धी अध्ययन गर्दा अनुसूची २ र ३ मा देखाइएको प्रश्नावली अनुसार अनुसूची ७ बमोजिमका प्र.अ. हरू र अनुसूची ८ बमोजिमका शिक्षकहरूबाट निम्नानुसारका जवाफ पाइयो ।

**तालिका १० : प्र.अ. र शिक्षकको प्राप्त प्रतिक्रिया**

| क्र.सं. | जवाफ दिने समूह | कथन | प्रतिक्रियाको वर्गिकरण | प्रतिक्रियाको संख्या | संख्यात्मक विवरण % |
|---|---|---|---|---|---|
| १. | प्रधानाध्यापकबाट (६ जनालाई) | तपाँइको विद्यालयमा वि.व्य.स.को बैठक कति समयमा बस्ने गर्छ ? | क. १ महिनामा १ पटक | ✖ | ✖ |
| | | | ख. २ महिनामा १ पटक | १ | १६.६% |
| | | | ग. अन्य | ५ | ८३.४% |
| | | | घ. विद्यालयको आवश्यकता अनुसार | ✖ | ✖ |
| २. | | योजना निर्माणका सम्बन्धमा वि.व्य.स. बैठकमा छलफल हुन्छ ? | क. सामान्य हुन्छ | १ | १६.६% |
| | | | ख. व्यापक हुन्छ | ५ | ८३.४% |
| | | | ग. छलफल नभइ पास हुन्छ | ✖ | ✖ |
| | | | घ. हुँदैन | ✖ | ✖ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | | योजना निर्माणमा वि.व्य.स. पदाधिकारीको सक्रियता कस्तो छ ? | क. अति सक्रिय | १ | १६.६% |
| | | | ख. सक्रिय | ४ | ६६.८% |
| | | | ग. सामान्य | १ | १६.६% |
| | | | घ. खास भूमिका रहेन | ✖ | ✖ |
| ४. | | योजना निर्माण र कार्यान्वयनको क्रममा अभिभावकबाट राय सुझाव आएको छ ? | क. छ | ४ | ६६.८% |
| | | | ख. खासै छैन | १ | १६.६% |
| | | | ग. केही अप्ठ्यारा सुझाव आउँछन् | १ | १६.६% |
| | | | घ. अन्य | ✖ | ✖ |
| ५. | | भौतिक संरचना निर्माण गर्दा अभिभावकको सहयोग कस्तो पाउनु भयो ? | क. सामान्य सहयोग पाए | १ | १६.६% |
| | | | ख. सक्रिय सहयोग पाए | ४ | ६६.८% |
| | | | ग. खास सहभागिता रहेन | १ | १६.६% |
| | | | घ. विरोध मात्र भयो | ✖ | ✖ |
| ६. | शिक्षक लाई (१० जनालाई) | विद्यालयको भौतिक योजना निर्माण र कार्यान्वयन गर्ने काममा शिक्षकलाई सामेल गरीन्छ ? | क. गरीन्छ | १ | १०% |
| | | | ख. कहिलेकाहीं गरीन्छ | ८ | ८०% |
| | | | ग. गरीदैंन | १ | १०% |
| | | | घ. अन्य | ✖ | ✖ |
| ७. | | तपाँईले विद्यालयको भौतिक संरचना निर्माणमा कसरी सहयोग गर्नु भएको छ ? | क. आर्थिक सहयोग गरेर | | |
| | | | ख. श्रमदान गरेर | | |
| | | | ग. समुदायमा प्रचार गरेर | | |
| | | | घ. माथिका सबै | १० | १००% |
| ८. | | योजना निर्माणमा अभिभावक र वि.व्य.स.को सहभागिता कस्तो पाउनु भयो ? | क. न्युन | २ | २०% |
| | | | ख. मध्यम | ७ | ७०% |
| | | | ग. अति उत्तम | १ | १०% |
| | | | घ. नराम्रो | ✖ | ✖ |
| ९. | | तपाँईको विचारमा शैक्षिक योजनामा वि.व्य.स.को कस्तो सहयोग आवश्यक छ ? | क. मूल्य पर्ने सामग्री खरीदमा आर्थिक सहयोग गरेर | ६ | ६०% |
| | | | ख. योजना अनुमोदन गरेर | २ | २०% |
| | | | ग. कार्यान्वयनमा सहयोग गरेर | २ | २०% |
| | | | घ. अन्य | | |
| १०. | | तपाँईको विचारमा अभिभावक परिचालन गर्न हालको वि.व्य.स. सक्षम छ ? | क. छ | ३ | ३०% |
| | | | ख. छैन | १ | १०% |
| | | | ग. केही मात्रामा छ | ६ | ६०% |
| | | | घ. अन्य | ✖ | ✖ |

स्रोत : स्थलगत अध्ययन, २०६६

तालिकामा वि.व्य.स. समितिको बैठक विद्यालयको आवश्यकता अनुरूप बढ्ने गरेको पाइयो । नमूना छनौट गरिएका विद्यालयहरूमा औषत २५.३ पटक प्रत्येक विद्यालयमा बसेको पाइयो । शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार वि.व्य.स. को बैठक २ महिनामा १ पटक कम्तीमा बस्नुपर्ने नियमको पालना भएको पाइयो । विशेष गरीवद्यालयले भौतिक योजना कार्यान्वयनको समयमा धेरै समस्याहरू आउने हुनाले त्यसताका धेरै वटा बैठक बस्ने गरेको पाइयो । विद्यालयले बनाउने योजनामा बैठकमा छलफल गराउनु हुन्छ भन्ने प्रश्नमा १६.६% प्र.अ.ले छलफल गराउने तर अभिभावकको छलफलमा कम सहभागिता हुने प्रतिक्रिया पाइयो भने ८३.४% प्र.अ.ले व्यापक छलफल भई निर्णय प्रक्रियामा पुगिने बताए । योजना कार्यान्वयनमा वि.व्य.स. पदाधिकारीले जनपरिचालनमा कस्तो भूमिका खेल्छन् भन्ने प्रश्नमा येनकेन काम चल्ने सम्म सहयोग गर्छन् भन्ने प्रतिक्रिया दिने प्र.अ. ६६.८% पाइयो भने जनपरिचालन अपर्याप्त भएको प्रतिक्रिया १६.८% प्र.अ.ले दिनुभयो । यसप्रकार प्रतिक्रियालाई हेर्दा विद्यालयको योजना निर्माण र कार्यान्वयनमा सक्रिय सहभागिता जनाउन वि.व्य.स. सहस्यहरूवीच अझ छलफल गरी चासो बढाउन आवश्यक देखिन्छ ।

माथिका तालिकाको आधारमा शिक्षक, प्र.अ., अभिभावक र वि.व्य.स. पदाधिकारीहरूले दिएको प्रतिक्रिया हेर्दा योजना निर्माण र कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिले जनपरिचालनमा उल्लेख्य सहयोग गर्ने गरेको पाइयो । Abraham Maslow को आवश्यकताको सिद्धान्त अनुसार मानिसका आवश्यकता पूरा हुनासाथ अरू धेरै आवश्यकता थपिन्छन् । असीमित आवश्यकताहरूलाई प्राथमिता क्रममा एकपछि अर्को आवश्यकता पूरा गरिन्छ भने झैं विद्यालयमा उपयुक्त शैक्षिक वातावरण तयार गर्न धेरै योजना निर्माण गरी प्राथमिकताको आधारमा पूरा गर्न विद्यालय व्यवस्थापन समिति, विद्यालय परिवार र अभिभावकको सामूहकि प्रयत्न देखिएको छ ।

वि.व्य.स.को योजना कार्यान्वयनमा सहभागिता सम्बन्धी प्रतिक्रियामा ६६.८% प्र.अ. ले सक्रिय भूमिका, ७०% शिक्षकले मध्यम खालको अर्थात सन्तोषजनक जवाफ दिनु ७०% वि.व्य.स. पदाधिकारी संलग्न वि.व्य.स. समितिले अनुगमनको पालो मिलाउने प्रतिक्रियाले सहभागिताको स्थितिलाई जनाँउछ । Henry Fayol को प्रशासनिक सिद्धान्त अनुसार व्यवस्थापनका आवश्यक Principle मध्ये १४ औं नं. मा Esprit De Crops अर्थात सहयोगी भावनाको उल्लेख गरेका छन् । संस्थामा काम गर्ने सबै सरोकारवालाको सामूहिक प्रयत्नबाट मात्र संस्थाले लिएको उद्देश्य सफल हुन्छ भने झैं विद्यालयमा योजना निर्माणमा सहभागी

हुनु, स्थानीय स्रोत सामग्री परिचालनमा सहयोग गर्न वि.व्य.स. पदाधिकारीको सन्तोषजनक छ भिन ७०% विद्यालयका प्र.अ. र शिक्षकले स्वीकार्नुले सन्तोषजनक सहभागिता दर्शाउँछ । विद्यालयको उद्देश्य प्राप्तिमा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी र अभिभावकको सामुहिक चासो रहेको पुष्टि हुन्छ ।

वि.व्य.स.को योजना कार्यान्वयनमा भूमिकाको सम्बन्धमा वि.व्य.स. पदाधिकारी, प्र.अ., शिक्षकहरूलाई सोधिएको प्रश्नको जवाफ यस प्रकार छ ।


**तालिका ११: वि.व्य.स.को योजना कार्यान्वयनमा भूमिका**

| क्र.सं. | विवरण | प्रधानाध्यापक | | शिक्षक | | वि.व्य.स. पक्ष | | औषत |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | प्रतिशत |
| १. | सक्रिय सहभागिता | १ | १६.६% | २ | २०% | २ | २०% | १८.८% |
| २. | सन्तोषजनक सहभागिता | ४ | ६६.४% | ६ | ६०% | ८ | ८०% | ६८.८% |
| ३. | न्यून सहभागिता | १ | १६.६% | २ | २०% | × | × | १२.४% |
| ४. | असहयोग | × | × | × | × | × | × | |
| | कुल संख्या | ६ | १००% | १० | १००% | १० | १००% | १००% |

स्रोत : शोध अनुसन्धान प्रश्नावली, २०६६

वि.व्य.स.को योजना कार्यान्वयनमा भूमिका सम्बन्धमा प्र.अ., शिक्षक र वि.व्य.स.बाट प्राप्त प्रतिक्रियालाई निम्न वृतचित्रमा देखाइएको छ :

**वृत्तचित्र ३ : प्र.अ., शिक्षक र वि.व्य.स.बाट प्राप्त प्रतिक्रिया**



माथिको वृत्तचित्रमा प्र.अ., शिक्षक र वि.व्य.ले भरेको प्रश्नावलीको आधारमा वि.व्य.स. पदाधिकारीहरूको न्यून सहभागितामा १२.४% सहभागीको प्रतिक्रिया पाइयो भने १८.८% सहभागीले पदाधिकारीको उपस्थिति सक्रिय रहेको र ६८.८% सहभागीले वि.व्य.स. पदाधिकारीको सहभागिता सन्तोषजनक रहेको उल्लेख गरेका छन् । माथिको तालिकामा उल्लेख भए जस्तै २०% प्र.अ.ले, वि.व्य.स.ले अत्यन्तै सहयोग गरेको, १०% प्र.अ. आफैंले मात्र गर्नुपरेको भर्ना न्यून रहेको प्रतिक्रिया दिएका थिए । प्र.अ. तथा शिक्षकसंगको ठूलो हिस्साले वि.व्य.स.ले योजना कार्यान्वयनमा सन्तोषजनक तवरले सहयोग गरेको बताएका थिए । मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तमा मानवको शारिरीक सुरक्षात्मक आवश्कयतापछि व्यक्ति सामाजिक संग्लनता तथा सक्रियता बढाउने, सामाजिक सुविधा र कार्यप्रति उन्मुख बन्छ भने भैं विद्यालयप्रति चासो राख्ने आम अभिभावक र उनीहरूको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समितिको सन्तोषजनक सहभागिता छ भने प्र.अ. शिक्षक र पदाधिकारीको विश्लेषणबाट संगठन सफल बनाउन वि.व्य.स.को भूमिका सन्तोषजनक पाउन सकिन्छ ।

हाल गठन भएको वि.व्य.स. योजना निर्माण छनौट र कार्यान्वयनमा के कति सक्षम छ भनी प्रश्नावलीमा भराइ अनुसार ६ जना प्र.अ. मध्ये ४ जनाले अर्थात ६६.४% ले सक्षम भएको १ जनाले थप तालिमको अवसर दिलाउनु पर्ने र १६.६% प्र.अ.ले सक्षम नभएको जवाफ दिनुभयो । त्यसैगरी १० जना शिक्षकमा ७ जनाले वि.व्य.स. सक्षम भएर काम गरिरहेको बताउनु भयो भने ८०% वि.व्य.स. पदाधिकारीले स-साना विद्यालयस्तरका योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्न सक्ने जानकारी दिनुभयो ।

## ४.२ योजनाले उपलब्धिमा पारेको प्रभावको अध्ययन

शै.व. २०६४ र २०६५ भित्र विद्यालयले सम्पन्न गरेका दइ ठूला भौतिक निर्माणका काम पछि विद्यालयको कामपछि विद्यालयको शैक्षिक उपलब्धिमा पारेको प्रभाव अध्ययन गर्न शै.व. २०६३ को वार्षिक परीक्षाको नतीजा र २०६६ को वार्षिक परीक्षाको विद्यार्थीको सिकाई उपलब्धिलाई आधार मानी तुलानात्मक अध्ययन गरिएको छ ।

विद्यालयको प्रमुख काम नै शिक्षण सिकाइ हो । आफ्नो सेवा क्षेत्रमा रहेका विद्यालयमा भर्ना गरी स्तरीय शिक्षण सिकाइ गराएर सबै विद्यार्थीलाई उत्तीर्ण गराउने विद्यालयको उद्देश्य हुन्छ । विद्यार्थीहरूको सिकाइको स्तर राम्रो भयो भने मात्र उत्तीर्ण दर राम्रो हुन्छ ।

विद्यार्थीको सिकाइ उपलब्धि के कस्तो मापन भयो भनी विभिन्न परीक्षा र मूल्याङ्कनका कार्यक्रमहरू सञ्चालन गर्दछ । विद्यार्थीले प्राप्त गरेको ज्ञान, सीप र अभिवृद्धि मापन गर्ने प्रमुख साधन परीक्षा हो । परीक्षामा प्राप्त गरेको अंकको आधारमा नै विद्यार्थीहरूको स्तरीकरण गरिन्छ । उच्च अंक प्राप्त गर्नेलाई पहिलो, दोश्रो....... आदि स्तरमा राखिन्छ, यसरी नै सबैको क्रममा निर्धारण गरिन्छ । यसैगरी विद्यार्थीले प्राप्त गरेको अंकको आधारमा उनीहरूको श्रेणी निर्धारण गरिन्छ । श्रेणी निर्धारण गर्दा सामुदायिक विद्यालयहरूमा ४५% भन्दा कम-३२% सम्म अंक ल्याउनेलाई तेस्रो श्रेणी, ४५% भन्दा माथि ६०% भन्दा कमलाई दोश्रो श्रेणी र ६०% भन्दा माथिलाई प्रथम श्रेणीमा राख्ने गरिन्छ ।

विद्यालयले शिक्षण सिकाइ कार्यक्रम मार्फत विद्यार्थीको सिकाइ उपलब्धि हासिल गराउने गरिन्छ । सिकाइ उपलब्धि बढी प्राप्त भएमा मात्र विद्यालयको परीक्षाको नतीजा स्तरीय हुन्छ । विद्यालयको शैक्षिक उपलब्धि हासिल गराउन विद्यालयले विभिन्न आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक योजना बनाइ कार्यान्वयन समेत गर्ने गर्दछन् ।

## ४.२.१ कक्षागत औषत सिकाइ उपलब्धि अध्ययन

योजना निर्माण र कार्यान्वयन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गर्नु हो । यसै उद्देश्य अनुसारको प्रभाव हेर्नलाई नागी स्रोत केन्द्र पाँचथरलाई आधार मानी यो अध्ययन गरिएको थियो । शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावकका विचार लिनुका साथै छनौटमा परेका सबै विद्यालयको प्राथमिक तहको अन्त्यमा वि.सं. २०६३ र शै.व. २०६६ सालको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा अध्ययन गरिएको छ । शैक्षिक वर्ष २०६३ र २०६६ लाई तुलनात्मक रूपमा अध्ययन र विश्लेषण गर्दा निम्न अनुसारको प्राप्ताङ्क पाइन्छ ।

**तालिका १२ : औषत प्राप्ताङ्कको तुलना एवं विश्लेषण**

| विषय / साल | सामाजिक | नेपाली | गणित | अंग्रेजी | विज्ञान | शारिरीक शिक्षा | सृ.अ.कला | इच्छाधिन भाषा |
|---|---|---|---|---|---|---|---|---|
| सै.स. ०६६ को | ४०.८ | ४६.५ | ४२.६ | ४१ | ४३.३ | २०.८ | २४.६ | ४०.६ |
| सै.स. ०६३ को | ४०.५ | ४७.८ | ४४.१ | ४२ | ४५.१ | २३.३ | २५.१ | ३९.६ |
| औषत प्राप्ताङ्क | -०.३% | १.३% | १.५% | १% | १.८% | २.५% | ०.५% | -१% |

स्रोत : विद्यालयको लब्धाङ्क पुस्तिका २०६३ र २०६६

सर्वेक्षण गरिएका विद्यालयहरूको कक्षा ५ का विषयहरूमा शैक्षिक सत्र २०६३ र २०६६ को अनुसूची फाराम १० र ११ अनुसार प्राप्त सिकाइ उपलब्धिहरूको औषत प्राप्ताङ्क निकाली तालिकामा देखाइएको छ । कक्षा ५ मा पढाइ हुने शारिरीक र सृजनात्मक अभिव्यक्तिशिल कला विषयहरूको जम्मा ५०-५० पूर्णाङ्कको औषत प्राप्ताङ्कलाई देखाइएको छ भने अन्य विषयहरू १०० पूर्णाङ्कमा विद्यार्थीले प्राप्त गरेको औषत विषयगत प्राप्ताङ्कलाई देखाएको छ । नेपाली, गणित, अंग्रेजी, शारिरीक शिक्षा, सृ.अ. कला र विज्ञान जस्ता विषयमा ०६३ र ०६४ मा सम्पन्न भएका दुइ ठूला भौतिक योजना अघिको तुलनामा बढेको देखिन्छ । गणितमा ४२.६ बाट औषत प्राप्ताङ्क बढेर ४४.१ पुगेको देखिन्छ । यो प्राप्ताङ्कमा आएको १.५% वृद्धि हो । यसैगरी नेपाली, अंग्रेजी, शारिरीक, सृ.अ.कला र विज्ञान जस्ता विषयमा क्रमशः १.३%, १%, २.५%, ०.५% र १.८% ले प्राप्ताङ्कमा वृद्धि भएको देखिन्छ । अर्कोतर्फ इच्छाधिन भाषा र सामाजिक जस्ता विषयमा विविध कारणले क्रमशः १% र ०.३०% ले कुल प्राप्ताङ्क घटेको देखिन्छ । यस विषयमा प्र.अ. तथा सम्बन्धित विषय शिक्षकसंगको छलफलमा प्राप्ताङ्क प्रतिशत इच्छाधिन भाषामा घट्नुको कारण मातृभाषा नेपाली हुनु र पढिने भाषा लिम्बु र अंग्रेजी भाषा हुनाले प्राप्ताङ्क घटेको कारण उल्लेख गर्नुभयो ।

**तालिका १३ : कक्षागत औषत सिकाइ उपलब्धि**

| क्र.सं. | विद्यालयको नाम | औषत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | शै.स. २०६३ | शै.स. २०६६ |
| १. | श्री अमरपुर उच्च मा.वि., अमरपुर | ४२.५७ | ४३.२ |
| २ | श्री थर्पु उच्च मा.वि., थर्पु | ४०.४२ | ४४.८ |
| ३. | श्री भानु नि.मा.वि., नागी | ४४ | ४२.८ |
| ४. | श्री सिरिसे नि.मा.वि., थर्पु | ४४.९ | ४४.२ |
| ५. | श्री ज्ञानज्योति प्रा.वि., अमरपुर | ४४.१ | ४६.८ |
| ६. | श्री पाथिभरा प्रा.वि., नागी | ४३ | ४४.८ |
| | कूल औषत | ४३.०७ | ४४.४३ |

स्रोत : विद्यालयको लब्धाङ्क पुस्तिका २०६३ र २०६६

सर्वेक्षण गरिएका विद्यालयहरूमा योजना कार्यान्वयन भएको वर्ष २०६४ र ०६५ को अघिको औषत सिकाइ उपलब्धि ४३.०७% रहेकोमा योजना निर्माण पछि शैक्षिक वर्ष २०६६ मा औषत सिकाइ उपलब्धि ४४.४३% रहेको छ । यी दुई वर्षको औषत सिकाइ उपलब्धि वृद्धि १.३६% पाइयो । सिकाइ उपलब्धिमा न्यून वृद्धि हुनुको अन्य कारणहरूका साथसाथै योजना निर्माण र प्रभावकारी कार्यान्वयनलाई समेत श्रेय जान्छ । योजनाको निर्माण र कार्यान्वयन

भएपछि विद्यालय भौतिक अवस्थामा न्यून मात्रामा भएपनि सुधार आएको पाइयो । भौतिक पूर्वाधारको निर्माण भएकोले यसले क्रमशः दिगो रूपमा सिकाई उपलब्धिमा सुधार गर्न सकिन्छ । शै.व. ०६३ र ०६६ को नतीजा विश्लेषणले यसलाई पुष्टि गर्दछ ।

### ४.२.२ सिकाइ उपलब्धिमा सरोकारवालाहरूको विश्लेषण

छनौट गरिएका विद्यालयहरूको २ वर्षको योजना कार्यान्वयनपछि विद्यार्थीको सिकाई उपलब्धिमा आएको प्रभाव अध्ययन गर्न प्रश्नावली मार्फत अनुसूची ६ बमोजिमका वि.व्य.स. अध्यक्षहरू, अनुसूची ७ बमोजिमका प्र.अ. हरू, शिक्षकहरू, र अभिभावकहरूलाई सोधिएको प्रश्नमा दिएको प्रतिक्रिया निम्नानुसार पाइयो :

**तालिका १४ : वि.व्य.स. पदाधिकारी, प्र.अ. र शिक्षकबाट प्राप्त प्रतिक्रियाहरू**

| क्र. सं. | जवाफ दिने समूह | कथन | प्रतिक्रियाको वर्गिकरण | प्रतिक्रियाको संख्या | संख्यात्मक विवरण % |
|---|---|---|---|---|---|
| १. | वि.व्य.स. पदाधिकारीहरू (१० जनालाई) | विद्यालयमा योजना अनुरूप काम सम्पन्न भएपछि विद्यार्थीको शैक्षिक क्रियाकलापमा कस्तो सहयोग पुगेको छ ? | क. अति धेरै | × | × |
| | | | ख. धेरै | × | × |
| | | | ग. सामान्य | ९ | ९०% |
| | | | घ. छैन | १ | १०% |
| २. | | योजना कार्यान्वयन पछि भौतिक स्थितिमा सुधार हुँदा विद्यालयको सिकाइ उपलब्धिमा प्रभाव पार्छ ? | क. अति प्रभाव पार्छ | × | × |
| | | | ख. न्यून प्रभाव पार्छ | × | × |
| | | | ग.उपलब्धिमा सुधार हुन्छ | १० | १००% |
| | | | घ. खास असर पर्दैन | × | × |
| ३. | | विद्यालयको योजना अनुरूप कर्य सम्पन्न भएपछि विद्यार्थीको उपस्थिति के भएको छ ? | क. जस्ताको त्यस्तै छ | १ | १०% |
| | | | ख. घटेको छ | × | × |
| | | | ग. सुधार भएको छ | ९ | ९०% |
| | | | घ. अन्य | × | × |
| ४. | प्रधान अध्यापकलाई (६ जना लाई) | निर्माण गरीएका भौतिक संरचना र विद्यार्थीको सिकाइ उपलब्धि वीच कस्तो सम्बन्ध छ ? | क. अन्योनश्रित सम्बन्ध छ | ५ | ८३.४% |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ख. केही मात्रा सम्बन्धित छ | १ | ६.६% |
| | | | ग. केही सम्बन्ध छैन | × | × |
| | | | घ. अन्य | × | × |
| ५. | | विद्यालयमा भौतिक संरचनाको निर्माण पछि विद्यार्थीको उपस्थिति दर कस्तो छ ? | क. घटेको छ | × | × |
| | | | ख. जस्ताको त्यस्तै छ | १ | १६.६% |
| | | | ग. बढेको छ | ५ | ८३.४% |
| | | | घ. अन्य | | |
| ६. | शिक्षक लाई (१०जना) | योजना निर्माणले विद्यफयको शैक्षिक वातावरण असल बनाउन सहयोग गरेको छ ? | क. पूरै सहयोग गरेको छ | ४ | ४०% |
| | | | ख. केही मात्रामा सहयोग गरेको छ | × | × |
| | | | ग. सहयोग गरेको छैन | ६ | ६०% |
| | | | घ. अन्य | × | × |
| ७. | | ......... निर्माण भएपछि विद्यार्थीको सिकाई उपलब्धि हासिल गर्न कस्तो सहयोग मिलेको छ ? | क. जस्ताको त्यस्तै छ | १ | १०% |
| | | | ख. केही बढेको छ | ९ | ९०% |
| | | | ग. केही घटेको छ | × | × |
| | | | घ. अन्य | × | × |

स्रोत : स्थलगत अध्ययन, २०६६

तालिका अनुसार विद्यालयमा योजना निर्माण गरी कार्य सम्पन्न हुँदा शैक्षिक क्रियाकलापमा सहयोग पुग्छ भन्ने प्रश्नमा ९०% वि.व्य.स. पदाधिकारीबाट सुधार हुने कुरा स्वीकारेका छन् अर्को तर्फ ८३.४% प्र.अ.ले विद्यालयको भौतिक योजना निर्माण र सिकाइ उपलब्धि सम्बन्धित भएकोले सिकाइ उपलब्धि बढ्ने कुरा जवाफ दिनु भएको छ । विद्यालयले २ वर्षमा निर्माण र सम्पन्न भएका योजनापछि सिकाइ उपलब्धिमा केही बढेको प्रतिक्रिया ९०% शिक्षकले दिनुभयो । यसप्रकार उपरोक्त तथ्याङ्कको आधारमा विद्यालयको मूल ध्येय

विद्यार्थीमा अधिकतम सिकाइ उपलब्धि हासिल गर्नेगरी शैक्षिक वातावरण सृजना गर्नु हो । विद्यालयमा उपर्युक्त शैक्षिक वातावरण निर्माण गर्न भौतिक संरचना निर्माण गर्न आवश्यक छ । F.W. Taylor को वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार "कामदारको परम्परागत कार्य शैलीलाई परिवर्तन गर्नुपर्छ, सरोकारवालालाई अधिकतम् उपलब्धि हासिल हुनेगरी परिचालन गर्नुपर्छ" भने झैं विद्यालयको योजना सम्पन्न गरी सिकाइ उपलब्धि हासिल गर्न प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावक र विद्यार्थीको संलग्नतामा सम्पन्न गरिएका भौतिक संरचना निर्माणले सिकाइ उपलब्धिमा क्रमशः सुधार हुने कुरा १००% वि.व्य.स. पदाधिकारी, ८३.४% प्र.अ. र ९०% शिक्षकले प्रतिक्रिया दिएकोबाट पुष्टि हुन्छ ।

## ४.३ योजना निर्माण र कार्यान्वयनका समस्याको अध्ययन

विद्यालय एउटा सामाजिक संगठन हो । सामाजिक संगठनलाई सही दिशा दिलाउन सामूहिक प्रयत्न आवश्यक पर्छ । विद्यालयमा विशेष गरी भौतिक योजना, निर्माण, छनौट, लगानी कर्ताको खोजी र कार्यान्वयन गराउनु चुनौतीपूर्ण काम हो । अध्ययनको क्रममा विद्यालयसँग सम्बन्धित सम्पूर्ण सरोकारवाला र लक्षित समूह समेतबाट निम्नानुसारका समस्याहरू उल्लेख गरेका छन् ।

अध्ययन गरिएका विद्यालयमा तुरून्तै नगरी नहुने केही कार्यक्रमहरू विद्यालयको चर्पी निर्माण तथा उपयोग गरिररहेका चर्पीहरूको मर्मत सम्भार, नयाँ फर्निचर निर्माण र पुरानाहरूको मर्मत सम्भार, विद्यार्थीको संख्या अनुसार फराकिलो कक्षाकोठा निर्माण र प्रयोग गरिरहेका कक्षा-कोठाहरूको उचित मर्मत सम्भार जस्ता समस्याहरू देखिएका छन् । विद्यालयको वरिपरि फूलवारी निर्माण र उचित संरक्षणको व्यवस्था, विद्यार्थीहरूको लागि आवश्यक खेलमैदान सुधार, विद्यालयको संरक्षणको लागि पर्खाल, घेराबाराको निर्माण, विद्यालय भवनहरूमा आवश्यक मात्रामा सिलिङ्ग निर्माण हुनुपर्ने जस्ता पक्ष कमजोर अवस्थामा रहेका छन् । यसैगरी कक्षा १ देखि ५ सम्म वालमैत्री पूर्ण कक्षा निर्माण, विद्यार्थीहरूलाई थप जानकारी दिनका लागि पुस्तकालयलाई सुधार गरिनु पर्ने, प्रभावकारी शिक्षणको लागि उचित मात्रामा स्थानीय शैक्षिक सामग्री संकलन र निर्माण, विद्यार्थी संख्याको चाप अनुसार थप विषयगत शिक्षकको व्यवस्था गरिनु पर्ने देखिन्छ । विद्यार्थी तथा शिक्षक कर्मचारीहरूका लागि खेलकुदका सामग्री खरीद, विद्यालयमा विद्यार्थी संख्या धेरै भएकोले थप कक्षाकोठा निर्माण, विद्यार्थीहरूको लागि शुद्ध खानेपानी उपलब्ध गराउन ट्याङ्की निर्माण, विद्यालयका विविध पक्षमा समुदायलाई सचेतना कार्यक्रम संचालन गरिनु पर्ने, विद्यालय संचालनको मुटु कार्यालयलाई उचित व्यवस्थापन गरिनु पर्ने जस्ता समस्याहरू पनि विद्यालयहरूमा देखिन्छ ।

उपरोक्त समस्याहरू के कसरी समाधान गर्न सकिन्छ र उक्त समस्या समाधान गर्दा देखापर्ने समस्याका बारेमा प्रत्येक विद्यालयमा छलफल गर्दा वि.व्य.स. पदाधिकारी, प्र.अ., अभिभावक, शिक्षक र विद्यार्थी समेतको सहभागितामा छलफल गर्दा ९५% सहभागीले आर्थिक समस्या रहेको बताउनु भयो भने बाँकीले मात्र अन्य समस्यालाई औंल्याउनु भएको थियो । अन्य समस्याहरूमा ठाँऊ, सामग्री, स्रोत परिचालनमा समस्या औंल्याउनु भएको थियो ।

योजना निर्माण, छनौट र कार्यान्वयनमा देखा परेका समस्यातर्फ केन्द्रीत रही नागी स्रोतकेन्द्रका स्रोत  शिक्षक, २-२ वटा उच्च मा.वि.का प्राचार्यसंग गरिएको अन्तरक्रियामा उहाँहरूले अन्य थप कारणहरूमा योजनाको आवश्यकताको पहिचान नहुनु, वि.व्य.स. र प्र.अ. सक्रिय नहुनु कतिपय विद्यालयहरूमा प्र.अ. र वि.व्य.स. पदाधिकारीवीच तालमेल नहुनु जस्ता समस्याहरू प्रस्तुत गर्नुभयो ।

यसैगरी उहाँहरूबाट पूरै सहयोग सरकार वा दातृ संस्थाले दियोस् भन्ने भावना हुनु, वि.व्य.स. पदाधिकारीहरूले योजनालाई राजनैतिक दृष्टिले हेर्नु र अभिभावक उदासिन बन्नु इत्यादि समस्याहरू विद्यालयमा पाइएको उल्लेख गर्नुभयो ।

## ४.४ वि.व्य.स.को भूमिका सुदृढीकरणका उपायहरू

योजना निर्माण छनौट र कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको सहभागिता सुदृढ गर्ने उपायका सम्बन्धमा लक्षित समूह छलफल, अन्तर्वार्ता र प्रश्नावली समेतबाट वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षकबाट निम्नानुसारका प्रतिक्रिया उल्लेख गरेका छन् ।

विद्यालयका प्रधानाध्यापकहरूबाट विद्यालयमा Team Work बढाउनु पर्ने, शिक्षकमा तलब पकाउने मात्र ध्यान नदिएर शिक्षण र विद्यालयको अन्य गतिविधिमा सक्रियताका साथ लागिपर्नु पर्ने, समुदायले लगानी गर्नमा विशेष ध्यान दिनुपर्ने,  वि.व्य.स. पदाधिकारी विरोधका लागि विरोध गर्ने मानसिकतालाई परिवर्तन गरी विद्यालयमा राजनैतिक गन्ध पर्न दिन नहुने जस्ता सुझावहरू प्राप्त भएका छन् । यसैगरी अनुपर्युक्त निर्णय गर्न वि.व्य.स.मा दवाव नदिनु, वि.व्य.स. पदाधिकारीलाई तालिम, गोष्ठीमा सहभागी गराउनु र अभिभावकमा चेतना जगाउने चेतनामूलक कार्यक्रम समावेश गरिनुपर्ने सुझाव दिनुभयो ।

सक्षम प्रशासन बनाउनु, पारदर्शी काम गर्नु, अभिभावकलाई सचेत बनाउनु, अभिभावकलाई औपचारिकता पूरा गर्न मात्र बोलाउने प्रवृत्ति हटाएर सबै काममा सहभागी गराउनु, समस्या पर्दामात्र सबैसंग सर-सल्लाह थाल्ने प्रवृत्ति हटाउनु जस्ता सुझाव वि.व्य.स. पदाधिकारीहरूबाट पाइएको छ ।

यसैगरी शिक्षकहरूबाट प्राप्त सुझावहरूमा योजना निर्माणमा सबैले सक्षमता देखाइ सक्रिय बन्नुपर्ने, अभिभावकलाई शैक्षिक गुणस्तर वृद्धि गर्न लाग्ने लागत तिर्ने वातावरण तयार गर्नु

र संगठनमा PODC अर्थात Planning, Organizing, Directing and Controlling को प्रभावकारी उपयोग गरिनु पर्ने जस्ता सुझावहरू दिनु भएको छ ।

यस प्रकार शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारी समेत सबैले योजना निर्माण, छनौट, कार्यान्वयनमा समस्याहरू विद्यमान रहेको जानकारी खुल्ला प्रश्नावलीमा उल्लेख गरेका छन् । योजना निर्माण गर्नु कठिन कार्य हो । यति हुँदाहुँदै पनि विद्यालय आफैंले केही न केही योजना तर्जुमा गर्नुपर्ने हुन्छ । एक अर्कामा सिक्दै, सिकाउँदैं भएका कमजोरी हटाउँदैं योजनालाई कार्यान्वयन गराउनु सबै विद्यालयका सबै सरोकारवालाहरूको सामूहिक दायित्व हुन्छ ।

शैक्षिक संस्थाहरूमा माथि प्राप्त उल्लेखित समस्याका अलावा लक्ष्य उद्देश्य निर्धारण, योजना बनाउने, शैक्षिक कार्यक्रम बनाउने, भौतिक स्रोत र साधनको उचित परिचालनमा समस्या देखा पर्ने गर्दछन् । विद्यालय स्तरमा देखा परेका समस्याका निराकरण यससंग सरोकार राख्नेहरू कै जिम्मेवारी हुन जान्छ । शैक्षिक दायित्व पूरा गर्ने सरकार र यसका विभिन्न अंगहरू बीच समन्वयात्मक ढंगले परिचालन गरी विद्यालयका समस्याहरू समाधान गर्न सकिन्छ । यसका साथै विद्यालयका प्रशासक, शिक्षक र विद्यार्थीको पनि इमान्दारितापूर्ण सहयोगबाट शैक्षिक क्षेत्रको समस्या गर्न सकिने १००% प्र.अ. र वि.व्य.स. पदाधिकारीको प्रतिक्रियाका आधारमा उल्लेख गर्न सकिन्छ ।

विद्यालय समाजको एक अभिन्न अंग भएकोले विद्यालयको समस्या समाधानको लागि अभिभावक र अभिभावकको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिता रहन्छ ।

# परिच्छेद-५

# प्राप्ति, निष्कर्ष र सुझाव

यस अध्ययनको क्रममा प्राप्त भएका मुख्य प्राप्तिहरू र त्यसबाट निस्किएका निष्कर्षहरू तथा अध्ययनबाट देखिएका समस्याहरूको समाधानका साथै सिकाइ उपलब्धिमा सुधार ल्याउनका लागि चालिनु पर्ने आवश्यक कदमहरूको बारेमा केही सुझावहरूलाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ५.१ मुख्य प्राप्तिहरू

यो अध्ययन विद्यालयमा योजना निर्माण र प्रभावकारी कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको अनुसन्धानसंग सम्बन्धित छ । अध्ययनको क्रममा शोधकर्ता आफैं नमूना छनौट भएका सबै विद्यालयमा गई विद्यालयका वि.वय.स. पदाधिकारी, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीसंग भेटघाट, छलफल, अन्तरक्रिया, अर्न्तवार्ता तथा प्रश्नावली भराइएको थियो । विद्यालयहरूमा शैक्षिक वर्ष २०६४ र २०६५ मा निर्माण भएका भौतिक सुधार तर्फका २/२ योजनाको सुक्ष्म अध्ययन गरिएको थियो । उक्त योजना निर्माण हुनु अघि र पछिको परीक्षाको प्राप्ताङ्कको गणना र विश्लेषण गरिएको थियो । उल्लेखित विभिन्न तरीकाहरूबाट गरिएको अध्ययन विश्लेषणको आधारमा प्राप्त भएका मुख्य प्राप्तिहरूमा शिक्षाको विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय स्तरमा योजनाको आवश्यकता पहिचान गरी योजना निर्माण र छनौट सफलतापूर्वक सम्पन्न गर्न विद्यालयका सरोकारवाला अभिभावक, शिक्षक, वि.व्य.स.का पदाधिकारीहरूको सकारात्मक भावना रहेको र यसको निर्माण र कार्यान्वयनमा सबैको आवश्यकताका सम्बन्धमा गहन विचार व्यक्त गरिएकोले वि.व्य.स.ले योजना निर्माण, प्राथमिकीकरण र कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्न सक्ने विचार रहेको पाइयो ।

योजना निर्माण, छनौट र कार्यान्वयनमा वि.व्य.स.का पदाधिकारीको सक्रिय भूमिका रहेको ८०% पदाधिकारीले बताएकोले वि.व्य.स.ले योजना निर्माण र कार्यान्वयनमा चासोको विषयको रूपमा रहेको योजना निर्माण र कार्यान्वयनमा प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरू ,स्थानीय वुद्धिजीवि, अभिभावकहरूको संलग्नता रहेको पाइयो । यसैगरी योजना निर्माण र कार्यान्वयनमा वि.व्य.स. पदाधिकारीको आवश्यकता सम्बन्धमा प्र.अ.,

शिक्षक, अभिभावक सबै सकारात्मक रहेको पाइयो । विद्यालयको वर्तमान अवस्थामा सुधार गर्न, विद्यमान समस्याको हल गर्न, विद्यालयको भौतिक तथा आर्थिक स्रोत जुटाउन तथा शिक्षाको गुणस्तरमा वृद्धि गरी सिकाइ उपलब्धि धेरै हासिल गराउन समेत स्थानीय स्तरमा योजना निर्माण गरी कार्यान्वयन वि.व्य.स.को सक्रिय सहभागिता रहन आवश्यक छ भन्ने प्रतिक्रिया सबै सरोकारवालाहरूबाट आएको छ ।

स्थानीय स्तरमा योजना निर्माण र कार्यान्वयन गर्नमा आर्थिक साधन र स्रोत को कमी हुनु, अभिभावकमा सचेतनाको कमी हुनु, सबै काम सरकारको हो भन्ने भावना अभिभावकमा हुनु, स्थानीय साधन स्रोतका परिचालन कम हुनु जस्ता समस्याहरू रहेका छन् । स्थानीय तवरमा सम्पन्न गरिएका योजनाहरूको कारणले शैक्षिक वातावरण राम्रो हुन सहयोग गरेको ८३.४% प्र.अ.हरूले विचार व्यक्त गरेको पाइयो । यसका साथै चर्पी, खानेपानी, फर्निचर, कक्षाकोठा, खेलमैदान, पुस्तकालय, शैक्षिक सामग्री संकलन र निर्माण, बालमैत्री पूर्ण कक्षा निर्माण, घेराबारा जस्ता अति आवश्यकीय पक्षमा सुधार र व्यवस्था गर्नुपर्ने सबै विद्यालयको साझा समस्याको रूपमा देखियो ।

योजना कार्यान्वयन भइरहेको समयमा वि.व्य.स. पदाधिकारी र निर्माण समितिका सदस्यहरूले समयमा कामको निरीक्षणमा विद्यालय गएको पाइयो । विद्यालय स्तरमा निर्माण हुने योजनाका छनौटमा निर्माण र त्यसको कार्यान्वयनमा वि.व्य.स.को सक्रिय संलग्नताले यसको सहज कार्यान्वयन हुनुका साथै उनीहरूको सहभागिताले आर्थिक पारदर्शिता समेत हुने हुनाले विद्यालय र अभिभावकको सम्बन्ध नजिक हुन सहयोग गरेको प्राचार्य, स्रोत शिक्षक र वि.व्य.स. अध्यक्षको राय रहेको छ । वि.व्य.स. पदाधिकारीहरू राजनैतिक आधारबाट छनौट भएका विद्यालयहरूमा कतिपय योजनाका विविध पक्षलाई राजनैतिक आँखाले हेरेर व्याख्या विश्लेषण गरेको पाइयो । तापनि बहुमत पदाधिकारीहरू विद्यालयमा राजनैतिक विचार नराख्नु उपयुक्त भएको विचार व्यक्त गर्नुभएको छ ।

विद्यालयको लब्धाङ्क पुस्तिकाको अध्ययनबाट भौतिक योजना शुरू हुदाँको र सम्पन्न भएपछिको २ वर्षको परीक्षाको नतीजा विश्लेषणले विद्यार्थीको सिकाइ उपलब्धि १.४३% ले बढेको पाइयो । विद्यालयमा योजनाको काम सम्पन्न गर्न प्र.अ.लाई धेरै समस्याहरू आउने गरेका छन् । ती समस्याहरूलाई समाधान गर्न यस अध्ययनबाट आर्थिक स्रोत जुटाउन सरकारी, गैर सरकारी संघ संस्थामा सम्पर्क बढाइ प्रस्तावना पेश गर्ने र समय समयमा वि.व्य.स., शिक्षक, अभिभावक बसेर योजनाका बारेमा छलफल गर्ने जस्ता सुझावहरू

शिक्षकहरूको प्रश्नावलीबाट पाइयो । यसैगरी वि.व्य.स.ले योजना निर्माणमा भन्दा पनि कार्यान्वयनमा अझ ठूलो सहयोग गर्न सक्छ । कार्यान्वयनमा गाह्रो भयो भनेर मात्र सहयोग माग्दा असहज हुने भएकोले योजना निर्माण र छनौटमै वि.व्य.स. का सम्पूर्ण पदाधिकारीहरू बसी छलफल गर्नु सान्दर्भिक देखियो । वि.व्य.स.को बैठकमा समिति पदाधिकारीको उपस्थिति सन्तोषजनक पाइयो । तुलनात्मक रूपमा महिला सदस्य कम उपस्थित दर (६५.८%) र विद्यालयका प्र.अ.को उपस्थित दर (९८.९७%) रहेको पाइयो । ८०% अभिभावकको संलग्नता अभिभावकको रहेको वि.व्य.स. मा २०% मात्र शिक्षक र प्र.अ. को संलग्नता रहने गरेको छ, तर योजना निर्माणमा प्र.अ.को मुख्य भूमिका रहेको अन्य पदाधिकारी स्वीकार्छन् भन्ने कार्यान्वयनमा आफूहरू सहयोग गर्न तयार रहेको अधिकांश अभिभावकको राय पाइएको छ । वि.व्य.स.ले विद्यालयको शैक्षिक सामग्री संकलन र खरीद गर्न आवश्यकीय रकम छुट्ट्याउने निर्णय गरी शैक्षिक उपलब्धि बढाउन उत्प्रेरित गरेको पाइयो । वि.व्य.स.ले गरेका जम्मा निर्णय मध्ये २२.२% शैक्षिक निर्णय गरी कार्यान्वयनमा सहयोग गरेर विद्यालयको शैक्षिक वातावरणमा सहयोग गरेको पाइयो ।

## ५.२ निष्कर्षहरू

विकेन्द्रीकरणको सिद्धान्त अनुरूप स्थानीय स्तरमा तयार, छनौट र लागू गरिने योजनामा वि.व्य.स.को सहभागिता प्रति प्र.अ., अभिभावक, वि.व्य.स. पदाधिकारी, शिक्षक सबै सरोकारवालाको सकारात्मक धारणा रहेकोले विद्यालयले उचित गति लिई सर्वाङ्गिण विकासमा वि.व्य.स.ले महत्वपूर्ण भूमिका खेल्न सक्छ । विद्यालय व्यवस्थापन समितिमा रहेका शिक्षक, प्र.अ.हरूले योजना निर्माण र अन्य पदाधिकारीले अभिभावकको परिचालन गरी योजना कार्यान्वयनमा उल्लेख्य भूमिका निभाएका छन् तापनि योजना कार्यान्वयनमा सबै अभिभावकको परिचालन हुन सकेको छैन । योजना निर्माणमा संलग्न प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारी र अभिभावकहरूको समस्याको पहिचान गर्न, प्राथमिकता निर्धारण गर्न, योजनालाई सहभागितामूलक ढंगले कार्यान्वयन गर्न र प्रभावकारी अनुगमन र निरीक्षणको व्यवस्थापन गर्न अझै सशक्त र प्रभावकारी पाइला चाल्न सकेका छैनन् ।
विद्यालयले बनाएका कतिपय योजना महत्वकाक्षी छन्, कार्यान्वयन गर्न ठूला दातृ संस्थाको अपेक्षा राखिएका छन् । विद्यालयमा उल्लेख्य सहयोग गर्ने अभिभावकलाई थप हौसला स्वरूप पुरस्कार दिने पाइएता पनि त्यसले अभिभावकलाई थप प्रेरणा जगाउने अवस्था

नभएको पाइयो । विद्यालयले अभिभावकलाई कम चासो दिने, समस्या पर्दा बोलाउने, केवल औपचारिकताको लागि मात्र बोलाउने गरेकोले अभिभावकको चासो कम हुने गरेको पाइयो ।

भौतिक योजनाहरू सम्पन्न हुँदा पनि सिकाइ उपलब्धिमा आशातित प्रगति हुन नसकेको पाइयो । योजना निर्माण र कार्यान्वयनले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव कम देखिएता पनि यसले शैक्षिक वातावरण असल बनाउने छ । योजना निर्माण र कार्यान्वयन गर्न वि.व्य.स. को क्षमता अभिवृद्धि गर्न समय समयमा तालिमको व्यवस्था भएपनि यो तुलनात्मक रूपमा कमि छ ।

उल्लेखित निष्कर्षहरूबाट के भन्न सकिन्छ भने अझैपनि सामुदायिक विद्यालयहरूमा पठनपाठनको लागि उचित प्रवन्ध हुन सकेको छैन । वि.व्य.स. पदाधिकारीहरूमा योजना निर्माण, प्राथमिकीकरण, सही दिशामा कार्यान्वयनको लागि आवश्यक पर्ने दक्षता कमी छ । यसलाई मध्यनजर गर्दै आवश्यक कदम चाल्न आवश्यक छ ।

## ५.३ सुझावहरू :

यस अध्ययनको शिलशिलामा पाइएका मुख्य प्राप्तिहरूमा गरिएको विश्लेषण तथा निष्कर्षका आधारमा विद्यालयहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रको रूपमा विकास गर्न विद्यालयमा स्थानीय तवरमा योजना निर्माण प्राथमिकीकरण र प्रभावकारी रूपमा कार्यान्वयन गर्न निम्नानुसारको सुझावहरू प्रस्तुत गरिएको छ ।

विद्यालयको सर्वाङ्गिण विकासको लागि चालिने हरेक कदमको योजना बनाउन आवश्यक छ । यसबाट विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय कार्य सफलतापूर्वक गर्न सकिन्छ ।

योजना निर्माण र छनौटमा समेत वि.व्य.स. पदाधिकारी, अभिभावक, शिक्षक, प्र.अ., विद्यार्थी र अन्य सरोकारवाला समेतको सहभागितामा गरिनुपर्दछ । कार्यान्वयन तहमा मात्र गरिएको सहभागिताप्रति अभिभावकको गुनासो बढ्ने गर्दछ । अभिभावक र वि.व्य.स. पदाधिकारीले विद्यालयले गर्ने सहयोग स्वेच्छिक हुन्छ । यसको बदलामा उनीहरूलाई अप्रत्यक्ष रूपमा फाइदा पुग्छ । प्रत्यक्ष फाइदा नहुने काममा समुदायको चासो स्वतः कम हुन सक्छ । घरायसी व्यवहारले समय नदिन सक्छन् । तसर्थ, विद्यालयको असल प्रशासकको हैसियतले समय-समयमा शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावकवीच जमघट भई आ-आफ्ना विचार राख्ने अवसर दिनु आवश्यक छ । अभिभावकका अनुकरणीय विचारको अनुशरण गर्ने गर्नुपर्दछ । अभिभावक परिचालन न त वि.व्य.स. का अभिभावक प्रतिनिधि मात्रको काम हो,

न त विद्यालयमा कार्यरत प्र.अ., शिक्षकहरूको मात्र । यो त सबैको सामुहिक प्रयत्नबाट मात्र सम्भव छ । विद्यालयसंग सरोकारवाला सबैको सबै काममा सहभागिताको मूल्याङ्कन गरी उपयुक्त समयमा उचित तवरले परिचालनको व्यवस्था मिलाउनु पर्दछ । वि.व्य.स.को सहभागितासंगै राजनैतिक अवधारणा भित्रन सक्ने कुराप्रति प्रशासक चनाखो रहनु पर्दछ । योजनाको कार्यान्वयनमा राजनैतिक भावनाले वाधा पुऱ्याउने भएकोले यसतर्फ सबैको ध्यान पुऱ्याउन उपयुक्त छलफल र स्वःविकेकको उपयोगमा जोड दिनु आवश्यक छ । विद्यालयमा गठन भएको वि.व्य.स. पदाधिकारीहरू योजना निर्माणमा कम दक्ष हुन सक्छन्, तापनि योजनाको छनौट र त्यसको कार्यान्वयनमा ठूलो हात उनीहरूको साथै अभिभावकको हुने हुनाले प्रशासकले कार्यान्वयनमा बढी अभिभावक परिचालन गर्न ध्यान दिनुपर्छ ।

विद्यालयमा बनाइने आर्थिक, भौतिक, प्रशासनिक, शैक्षिक योजनाको प्रतिफल नै शैक्षिक उपलब्धि राम्रो हुनु हो । एउटा योजनाको सफल कार्यान्वयनले सिकाइ उपलब्धिमा सुधार ल्याउन आधार तयार गर्दछ । तसर्थ, विद्यार्थीको सिकाइ उपलब्धिमा अधिक कायम गर्न सबै खाले योजना निर्माण र उपयुक्त तरीकाले सहभागितामूलक ढंगले सम्पन्न गर्न सीपको विकास प्र.अ.ले गर्नुपर्दछ । शैक्षिक उपलब्धि वृद्धि गर्न योजनावद्ध कामको साथसाथै असल, लगनशील, तालिम प्राप्त शिक्षक, अनुकरणीय प्रशासन, ठीक आकारको कक्षा र उपयुक्त सामाजिक वातावरण निर्माण र व्यवस्था गर्न वि.व्य.स.को ध्यान जान जरूरी देखिन्छ । विद्यालयमा पाइएका समस्याहरू समाधान गर्न नसकिने भन्ने छैनन् । आर्थिक संकलनको पाटो कठिन भएपनि मन, वचन र कर्मले सबै सरोकारवाला लागेमा केही न केही गर्न सकिन्छ । व्यवस्थापन तहमा रहनेहरूलाई व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्दै विद्यालयका अभिभावकहरूमा सचेतना अभिवृद्धि गर्ने हो भने विद्यालयलाई एउटा स्वच्छ, प्राज्ञिक थलोको रूपमा विकास गर्न सकिन्छ ।

असल सहयोगी व्यक्ति विद्यालयका गहना हुन् । विद्यालयको योजना निर्माण, छनौट, कार्यान्वयनमा उल्लेखनीय सहयोग गर्ने वि.व्य.स. पदाधिकारी, शिक्षक, प्र.अ. र अभिभावकलाई विद्यालय, स्रोत र जिल्लाले छनौट गरी उचित पुरस्कार वितरण हुँदा आगामी दिनमा समेत सरोकारवालाको विद्यालयप्रति चासो बढाउन सकिन्छ ।

# सन्दर्भसूची


काफ्ले, बासुदेव तथा साथीहरु, (२०६२), “**शैक्षिक प्रशासन तथा सुपरीवेक्षण”**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०६२), “**शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार”,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४). “**शैक्षिक अनुसन्धान पद्दति”**, काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

गौतम, दयाराम, (२०६१), “**विद्यालयको व्यवस्थापनमा समुदायको भूमिका”**, काठमाण्डौं : अप्रकाशित शोध कृति ।

निरौला, सुबास, (२०६३), “**सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव-एक अध्ययन”,** काठमाण्डौं : त्रि.वि. महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पौडेल, लेखनाथ, (२०६३) “**शिक्षाको परिचय”**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद, कार्की, उपेन्द्र कुमार, (२०६३), “**शिक्षाको आधार”,** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ, (२०५९), “**नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु”,** काठमाण्डौं : मकालु बुक्स एण्ड पब्लिशर्स ।

शर्मा एण्ड शर्मा, (२०६२), “**शिक्षाका आधारहरु”**, काठमाण्डौं : एम. के. पब्लिकेशन एण्ड ड्रिष्टिब्युटर्स ।

शर्मा, गोपीनाथ, (२०५७), “**विद्यालय निरीक्षणको सक्षिप्त इतिहास”,** काठमाण्डौं : साभा प्रकाशन ।

**शिक्षा ऐन २०२८, (२०६१), “आठौं संशोधन”,** काठमाण्डौ : शिक्षा तथा खेलकुद मन्त्रालय ।

समथिङ्ग रामप्रकाश, (२०६६), **“पाँचथर शिक्षा दर्पण”,** विराटनगर. अरनिको प्रेश ।

सिन्हा, रामस्वरुप, (२०६३). “**एक्काइसौं शताब्दीको दूरदृष्टि”,** काठमाण्डौं : काभ्रे अफसेट प्रेस ।